प्रभाव दैनिक
National Daily
समृद्धिको पाइला
सोमबार, ११ वैशाख २०८० | Prabhab National Daily, Monday, April 24, 2023 | www.prabhabonlline.com | पृष्ठ २०

# वैदेशिक रोजगारीको 'ट्रेन्ड'

पछिल्लो वर्षहरूमा एउटा गज्जबको ट्रेन्ड देखिएको छ- जुन देशमा ठूलो संख्यामा नेपाली वैदेशिक रोजगारीको सिलासिलामा जाने गरेका छन्, तिनै देशसँग नेपालको व्यापार घाटा बढ्दो छ । अझ स्पष्ट भन्नुपर्दा ती देशसँग नेपालको आयात व्यापार ह्वात्तै बढेको छ । यसले के देखाउँछ भने- नेपालीलाई रोजगारी दिने देशले उनीहरूलाई प्रयोग गरी उत्पादन बढाइरहेका मात्र छैनन्, ती उत्पादन बिक्री गर्ने थलो नेपाललाई नै बनाइरहेका छन् ।



सुरेन्द्र पौडेल

२०४६ सालको राजनीतिक परिवर्तनसँगै वैदेशिक रोजगारीमा जानेको संख्या बढ्न थालेको हो । देशभित्र रोजगारीको अभाव, भएका उद्योग कलकारखाना बन्द हुँदै जानु र राजनीतिक अस्थिरता हुँदा युवाहरू रोजगार खोज्न विदेश जानेक्रम बढ्दै गयो । र, २०७९ सालको अन्त्यसम्म आइपुग्दा यो संख्या करिब ६९ लाख पुग्यो ।

कसैले अनुमान लगाउन सक्छ पछिल्लो ३० वर्षमा कति जना नेपाली रोजगारी खोज्दै विदेशिए होलान् ?

अधिकांशको जवाफ यस्तै हुन्छ, 'धेरै गए ।'

म यहाँ अनुमान होइन, तपाईंलाई यकीन तथ्यांक पेस गर्छु ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार पछिल्लो ३० वर्षमा ६८ लाख ९५ हजार ४०१ जना नेपालीले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् । यो वैधानिक तरिकाले जानेको आँकडा हो । अवैध तरिकाले जानेको संख्या यहाँ जोडिएको छैन ।

२०५० सालदेखि २०७९ चैत मसान्तसम्मको अवधिमा उनीहरूले वैदेशिक रोजगारबाट श्रम स्वीकृति लिएका थिए । वैदेशिक रोजगारीमा जाने कूल संख्यामध्ये महिलाको संख्या ४.३२ प्रतिशत रहेको छ । बाँकी ९५.६८ प्रतिशत पुरुष छन् ।

२०४६ सालको राजनीतिक परिवर्तनसँगै वैदेशिक रोजगारीमा जानेको संख्या बढ्न थालेको हो । देशभित्र रोजगारीको अभाव, भएका उद्योग




कलकारखाना बन्द हुँदै जानु र राजनीतिक अस्थिरता हुँदा युवाहरू रोजगार खोज्न विदेश जानेक्रम बढ्दै गयो । र, २०७९ सालको अन्त्यसम्म आइपुग्दा यो संख्या करिब ६९ लाख पुग्यो ।

राष्ट्रिय जनगणना २०७८ ले १५ लाख ५५ हजार ९६१ परिवारबाट २१ लाख ९० हजार ५९२ जना नेपाली नेपालमा अनुपस्थित रहेको देखाएको छ । अर्थात् उनीहरू धेरैजसो रोजगार खोज्दै विदेशिएका छन् । यसरी देशमा अनुपस्थित जनसंख्यामा १७ लाख ९९ हजार ६७५ पुरुष र तीन लाख ९० हजार ९१७ जना महिला छन् ।

वैदेशिक रोजगार विभागको तथ्यांकले स्पष्ट के देखाउँछ भने २०५० सालबाट वैदेशिक रोजगारीमा जानेको संख्या त्यसअघिको तुलनामा बढेको छ । आर्थिक वर्ष २०५०/५१ देखि २०६२/६३ सम्म सात लाख ५८ हजार ६७५ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए । यसपछि वैदेशिक रोजगारीमा जानेको संख्या झन् ह्वात्तै बढेको छ ।

(बाँकी पृष्ठ ख मा)






# वैदेशिक...



तथ्यांकले प्रत्येक राजनीतिक परिवर्तन वा उतारचढावपछि वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या झन् बढ्ने गरेको देखाएको छ । २०४६ सालको राजनीतिक परिवर्तनपछि वैदेशिक रोजगारीमा जानेक्रमको सुरुआत भयो । २०५२ सालमा तत्कालीन माओवादीले सशस्त्र विद्रोह सुरु गरेपछि यसले झन् गति लियो । २०६२/६३ को जनआन्दोलनपछि त वैदेशिक रोजगारीमा जानेको संख्या उत्कर्षमा पुग्यो । अर्थात् कुनै पनि राजनीतिक परिवर्तनले युवाहरूलाई देशभित्र रोक्न सकेको देखिँदैन ।

देशमा गणतन्त्र आएपछि अर्थात् आर्थिक वर्ष २०६३/६४ देखि २०७९ चैत मसान्तसम्ममा ६१ लाख ३६ हजार ७२९ जना नेपालीले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका छन् । गत आर्थिक वर्ष २०७८/७९ मा मात्र छ लाख ३० हजार ९० जनाले श्रम स्वीकृति लिएका छन् । चालु आर्थिक वर्ष २०७९/८० मा यो संख्या अझै बढ्ने देखिन्छ ।

यो तथ्यांकले स्पष्ट देखाउँछ वैदेशिक रोजगारी नेपाली अर्थतन्त्रको मेरुदण्ड हो । वैदेशिक रोजगारीमा गएकाहरूले देशमा पठाउने रेमिटचान्सले नै अहिले नेपालको अर्थतन्त्र जोगाइराखेको छ । मुलुकको कूल गार्हस्थ उत्पादन (जिडिपी)मा करिब २५ प्रतिशत हिस्सा रेमिटचान्सको रहेको छ । अर्थात् रेमिटचान्सले अर्थतन्त्रलाई धानिरहेको छ ।

## कुन वर्ष कति रेमिटयान्स भित्रियो ?

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार पछिल्लो १४ वर्षमा ८४.६६ खर्ब रूपैयाँ रेमिटचान्स नेपाल भित्रिएको छ । आर्थिक वर्ष २०६५/६६ देखि २०७८/७९ सम्मको अवधिमा उक्त रेमिटचान्स नेपाल भित्रिएको हो । सो अवधिमा सबैभन्दा बढी रेमिटचान्स गत आर्थिक वर्ष २०७८/७९ मा नौ खर्ब ८६ अर्ब रुयैयाँ भित्रिएको देखिन्छ ।

राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०६५/६६ मा दुई खर्ब नौ अर्ब सात करोड रूपैयाँ, २०६६/६७ मा दुई खर्ब ३१ अर्ब सात करोड रूपैयाँ, २०६७/६८ मा दुई खर्ब ५३ अर्ब छ करोड रूपैयाँ, २०६८/६९ मा तीन खर्ब ५९ अर्ब छ करोड रूपैयाँ, २०६९/७० मा चार खर्ब ३४ अर्ब छ करोड रूपैयाँ, २०७०/७१ मा पाँच खर्ब ४३ अर्ब रूपैयाँ, २०७१/७२ मा छ खर्ब १७ अर्ब रूपैयाँ र २०७२/७३ मा छ खर्ब ६५ अर्ब रूपैयाँ रेमिटचान्स नेपाल भित्रिएको छ ।

यस्तै, आर्थिक वर्ष २०७३/७४ मा छ खर्ब ९५ अर्ब रूपैयाँ, २०७४/७५ मा सात खर्ब ५५ अर्ब रूपैयाँ, २०७५/७६ मा आठ खर्ब ७९ अर्ब तीन करोड रूपैयाँ, २०७६/७७ मा आठ खर्ब ७५ अर्ब रूपैयाँ, २०७७/७८ मा नौ खर्ब ६१ अर्ब एक करोड रूपैयाँ र २०७८/७९ मा नौ खर्ब ८६ अर्ब रूपैयाँ रेमिटचान्स नेपाल भित्रिएको देखिन्छ ।

> ‘ बोर्डले वैदेशिक रोजगारीका क्रममा दुर्घटनामा परी अंगभंग भएका तथा गम्भीर बिरामीलाई क्षतिपूर्तिबापत पछिल्लो चार वर्षमा कूल ३१ करोड नौ लाख १० हजार रूपैयाँ प्रदान गरेको छ । ’

## १४ वर्षमा करिब ११ हजार काठको बाकसमा फर्किए

रेमिटचान्स भित्रेको कुराले मनलाई क्षणिक पुलकित त बनाउँला तर त्यो रेमिटचान्स कसरी भित्रिरहेको छ भन्ने जान्दा मनलाई तर्साउँछ । वैदेशिक रोजगारीमा जानु कति जोखिम छ त्यो जानेहरूलाई मात्र थाहा छ । रेमिटचान्सको हिसाब मात्र गर्नेले यसलाई बुझ्न कठिन छ ।

वैदेशिक रोजगारीमा जानेको दुःख र पीडा मृत्युको आँकडाले देखाउँछ । वैदेशिक रोजगार बोर्डका अनुसार पछिल्लो १४ वर्षमा वैदेशिक रोजगारीमा गएकामध्ये १० हजार ९३२ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमध्ये २७० जना महिला र १० हजार ६६२ जना पुरुष रहेका छन् । आर्थिक वर्ष २०६५/६६ देखि २०७८/७९ सम्मको अवधिमा उनीहरूको मृत्यु भएको हो । सबैभन्दा बढी एक हजार ३९५ जनाको मृत्यु गत आर्थिक २०७८/७९ मा भएको थियो ।

बोर्डका अनुसार आर्थिक वर्ष २०६५/६६ मा ९०, २०६६/६७ मा ४१८, २०६७/६८ मा ५४९, २०६८/६९ मा ६४६, २०६९/७० मा ७२७, २०७०/७१ मा ८८८, २०७१/७२ मा एक हजार छ र २०७२/७३ मा ८१३ जनाको मृत्यु वैदेशिक रोजगारीको सिलसिलामा भएको छ ।

यस्तै, आर्थिक वर्ष २०७३/७४ मा ७५५, २०७४/७५ मा ८२२, २०७५/७६ मा ७५३, २०७६/७७ मा ६५८, २०७७/७८ मा एक हजार १४६ र २०७८/७९ मा एक हजार ३९५ जनाको मृत्यु भएको देखिन्छ । सोही अवधिमा विभिन्न दुर्घटनामा परी दुई हजार १२५ जना नेपालीको अंगभंग भएको तथ्यांक छ ।

## मृत्यु कारण के हो ?

वैदेशिक रोजगारी कति सहज छ भन्ने वैदेशिक रोजगारीका क्रममा मृत्यु हुनेको ‘कारण’ले स्पष्ट देखाउँछ । वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार पछिल्लो १४ वर्षमा एक हजार ४७४ जनाको मृत्यु मुटुसम्बन्धी रोगका कारण भएको छ । हृदयघातका कारण ७३३ जनाको मृत्यु भएको छ । सडक दुर्घटनामा मृत्यु हुनेको संख्या सानो छैन । उक्त अवधिमा एक हजार ३५९ जना नेपालीको मृत्यु सडक दुर्घटनामा भएको छ ।

यस्तै, वैदेशिक रोजगारीका क्रममा पछिल्लो १४ वर्षमा एक हजार १८७ जनाले आत्महत्या गरेका छन् । कार्यस्थल दुर्घटनामा परी ७५४ जनाले ज्यान गुमाएका छन् भने कोरोना भाइरसको संक्रमण हुँदा २०७ जनाको मृत्यु भएको छ । प्राकृतिक मृत्यु मात्र दुई हजार ७७ जनाको भएको छ । अन्य कारणले मृत्यु हुने नेपालीको संख्या दुई हजार ८७५ रहेको छ ।

वैदेशिक रोजगारीमा जानुअघि आवश्यक तालिम तथा गन्तव्य राष्ट्रबारे जानकारी नहुँदा धेरैले ज्यान गुमाउने गरेका छन् । ठूला र तीव्र गतिमा गाडी गुड्ने सडकमा बाटो काट्न नजान्दा बर्सेनि धेरै नेपाली सडक दुर्घटनामा पर्ने गरेका छन् । गन्तव्य राष्ट्रको मौसम तथा हावापानीबारे ज्ञान नहुँदा पनि ज्यान जाने गरेको छ । मुटुसम्बन्धी रोग, हृदयघात र आत्महत्याका कारण मृत्यु हुनेको संख्या ठूलो छ । यसले वैदेशिक रोजगारीमा गएकाहरू कति तनाव लिएर बाँचेका छन् भन्ने स्पष्ट देखाउँछ ।

पछिल्लो तीन आर्थिक वर्षको तथ्यांक हेर्ने हो भने मलेसियामा सबैभन्दा बढी नेपालीले आत्महत्या गरेका छन् । तीन वर्षमा मलेसियामा ८०, साउदी अरबमा ७८, कतारमा ५०, युनाइटेड अरब इमिरेट्स (युएई) मा ५८ र कुवेतमा १३ जना नेपालीले हात्महत्या गरेका छन् ।

यस्तै, हृदयघातका कारण मलेसियामा १४, साउदी अरबमा २३, कतारमा ३५, युनाइटेड अरब इमिरेट्समा २६ र कुवेतमा १७ जना नेपालीको मृत्यु भएको छ । सडक दुर्घटनामा परी मलेसियामा ४०, साउदी अरबमा १२९, कतारमा ६६, युनाइटेड अरब इमिरेट्समा ५२ र कुवेतमा १४ जना नेपालीले ज्यान गुमाएका छन् ।

## मृतकको परिवारलाई आर्थिक सहायता

वैदेशिक रोजगार बोर्डले पछिल्लो चार वर्ष (२०७५ साउनदेखि २०७९ असारसम्म) मा वैदेशिक रोजगारी क्रममा मृत्यु भएका पुरुष चार हजार ४१ र महिला ११३ गरी कूल चार हजार १५४ जनाको परिवारलाई आर्थिक सहायता उपलब्ध गराएको छ । ती परिवारलाई कूल दुई अर्ब ४१ करोड ९० लाख १५ हजार रूपैयाँ बोर्डले आर्थिक सहायता उपलब्ध गराएको छ । सोही समयमा बोर्डले विदेशमा अलपत्र परेका नेपालीको शव झिकाउन तीन करोड ९७ लाख ५० हजार रूपैयाँ खर्च गरेको छ । विदेशबाट झिकाइएका शव सम्बन्धित परिवारसमक्ष पुर्‍याउन सात करोड ४२ लाख ६१ हजार रूपैयाँ खर्च भएको छ ।

यस्तै, बोर्डले वैदेशिक रोजगारीका क्रममा दुर्घटनामा परी अंगभंग भएका तथा गम्भीर बिरामीलाई क्षतिपूर्तिबापत पछिल्लो चार वर्षमा कूल ३१ करोड नौ लाख १० हजार रूपैयाँ प्रदान गरेको छ । वैदेशिक रोजगारीका क्रममा विदेश गई अलपत्र परेका नेपालीको खोजतलास र तथा उद्धारमा उक्त अवधिमा दुई करोड ८१ लाख ४५ हजार रूपैयाँ खर्च भएको बोर्डको तथ्यांकले देखाउँछ ।

## कोही कोमामा, केही बेपत्ता

वैदेशिक रोजगारीमा गएकाहरूमध्ये केही गम्भीर दुर्घटनामा परी कोमामा रहेका छन्, जसको उपचार सम्बन्धित देशमा भइरहेको छ । पछिल्लो तीन वर्ष (आर्थिक वर्ष २०७६/७८ देखि २०७८/७९ सम्म) मा मात्र युएई, कतार, साउदी अरब, ओमान, दक्षिण कोरिया र मलेसियामा ५९ जना नेपाली कोमामा रहेको वैदेशिक रोजगार बोर्डको तथ्यांकले देखाउँछ । सबैभन्दा ठूलो संख्यामा नेपाली कोमामा कतारमा रहेका छन् । कतारमा ३४ जना नेपाली पछिल्लो तीन वर्षदेखि कोमामा रहेका छन् ।

वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न राष्ट्रमा पुगेका नेपाली उतै हराउने पनि गरेका छन् । नेपालमा रहेको परिवार उनीहरू फर्कने आशमा बसिरहेको हुन्छन् तर उनीहरू जिउँदो छन् वा छैनन् केही अत्तोपत्तो हुँदैन । अर्थात् उनीहरू सम्पर्कविहीन छन् । पछिल्लो तीन वर्षमा वैदेशिक रोजगारीमा गएका ९४६ जना नेपाली यसैगरी बेपत्ता छन् । उक्त अवधिमा मलेसिया मात्र ६५५ जना नेपाली बेपत्ता भएका छन् । उनीहरूको नेपालमा रहेका परिवारसँग कुनै सम्पर्क भएको छैन ।

## जुन देशमा रोजगार खोज्दै नेपाली जान्छन्, तीनै देशसाग व्यापार घाटा बढ्दो

पछिल्लो वर्षहरूमा एउटा गज्जबको ट्रेन्ड देखिएको छ- जुन देशमा ठूलो संख्यामा नेपाली वैदेशिक रोजगारीको सिलासिलामा जाने गरेका छन्, तिनै देशसँग नेपालको व्यापार घाटा बढ्दो छ । अझ स्पष्ट भन्नुपर्दा ती देशसँग नेपालको आयात व्यापार ह्वात्तै बढेको छ । यसले के देखाउँछ भने- नेपालीलाई रोजगारी दिने देशले उनीहरूलाई प्रयोग गरी उत्पादन बढाइरहेका मात्र छैनन्, ती उत्पादन बिक्री गर्ने थलो नेपाललाई नै बनाइरहेका छन् ।

भन्सार विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०७९/८० को नौ महिना (साउन-चैत)मा नेपालको सबैभन्दा बढी व्यापार घाटा रहेका १४ राष्ट्रमध्ये छ वटा वैदेशिक रोजगारीमा सबैभन्दा बढी नेपाली जाने राष्ट्र छन् ।

नेपालको सबैभन्दा बढी वैदेशिक व्यापार घाटा रहेका १४ राष्ट्रमा छन्- भारत, चीन, इण्डोनेसिया, युएई, अर्जेन्टिना, मलेसिया, युक्रेन, अस्ट्रेलिया, कतार, बेल्जियम, ओमान, साउदी अरेबिया, थाइल्याण्ड र जोर्डन । यीमध्ये युएई, मलेसिया, कतार, ओमान, साउदी अरेबिया र जोर्डन वैदेशिक रोजगारीका लागि नेपालीहरूको आकर्षक गन्तव्य हुन् । यी छ देशसँग मात्र पछिल्लो नौ महिनामा नेपालको व्यापार घाटा ७९ अर्ब ८४ करोड ६३ लाख ४५ हजार रूपैयाँ पुगेको छ ।

आर्थिक वर्ष २०७५/७६ सम्म नेपालको सबैभन्दा ठूलो व्यापार घाटा रहेका प्रमुख १४ राष्ट्रमा वैदेशिक रोजगारीका प्रमुख गन्तव्य राष्ट्रमध्ये युएई र मलेसिया मात्र पर्थे । तर, अहिले छ वटा राष्ट्र यो सूचीमा छन् । हामी रोजगारीका लागि जुन देशसँग निर्भर छौं वस्तुको आयातमा तिनै देशसँग निर्भरता बढाइरहेका छौं । दोहोरो मारमा नेपाल परेको छ ।

10TH YEARS ANNIVERSARY
हार्दिक शुभकामना
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको नवौं वर्ष सफलतापूर्वक पार गरी दशौं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा प्रकाशन निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
श्री राजेन्द्र भण्डारी
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
Nepal Association of Foreign Employment Agencies (NAFEA)
तिलगंगा, काठमाडौं

NMB
Be SMART Choose SMART
वार्षिक स्वास्थ्य परिक्षणमा रू. ५,000/- सम्मको CASHBACK*
नि:शुल्क डेबिट तथा क्रेडिट कार्ड
नि:शुल्क DEMAT तथा MEROSHARE खाता
नि:शुल्क मोबाइल तथा इन्टरनेट बैंकिङ
अन्य थुप्रै आकर्षक सुविधाहरू
NMB SMART नारी बचत खाता
CALL: 01-5970150
call@nmb.com.np
**सर्तहरू लागू हुनेछन् ।
*अथवा स्वास्थ्य परिक्षण शुल्कको बिल भुक्तानिमा अधिक्तम VAT Bill को ५0% सम्म
उच्च वार्षिक ब्याजदर
NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of Global Alliance for Banking on Values
The Banker Bank of the Year 2021 ASIA
Bank of the Year, ASIA 2021
Bank of the Year, Nepal 2017, 2018, 2020 & 2021

# श्रमिकमैत्री वैदेशिक रोजगार नीति

अहिले वैदेशिक रोजगारीमा नेपालीको पहिचान के हो भन्ने नै छैन । पहिले गोर्खालीहरु सेक्युरिटी गार्डका लागि विशेष भन्ने थियो । तर, अहिले अदक्ष कामदारहरु जाने भएकोले सेक्युरिटी गार्डले पनि सफाइको काम गर्नुपर्ने हुन्छ । कुन कामका लागि जाने हो यसमा तालिमप्राप्त बनाएर पठाउनुपर्ने चुनौती छ । राज्य र वैदेशिक रोजगारीमा जानेहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गराउनुछ ।



**एकनारायण अर्याल**
सचिव
श्रम, रोजगार तथा सामाजिक
सुरक्षा मन्त्रालय

> स्वदेशमा बस्ने श्रमिकहरू, औपचारिक र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरु पनि कोषमा आबद्ध गराउने कुरा यो महिनाबाटै सुरुआत गराउँदै छौं । यसबाट सामाजिकरूपमा सुरक्षित भएको महसुस नागरिकले गर्छन् । राज्यप्रतिको अट्ष्याचमेन्ट (लगाव) बढाउँछ ।

मुलुकमा संघीयता कार्यान्वयनमा आएसँगै आर्थिक विकास समृद्धिको मार्गमा अघि बढेको छ । संघ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारले यही लक्ष्यलाई प्राथमिकतामा राखेर वार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा आवधिक योजनाहरू तय गर्ने र कार्यान्वयन गर्दै आएका छन् । मुलुकलाई समृद्ध बनाउने संकल्पका साथ सरकार लागिपरेको छ । मुलुकको समृद्धिसँग जोडिएको एक अभिन्न पाटो हो, श्रम र रोजगार । मुलुकभित्रै रोजगारीको अवसर सिर्जना गरी युवा जनशक्तिलाई स्वदेशमै रहने वातावरण सिर्जना गर्न सरकारले विभिन्न नीति तथा कार्यक्रमहरू अघि बढाएको छ । यसका साथै, हाल अर्थतन्त्रको मुख्य मेरुदण्डको रूपमा रहेको वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन निरन्तर काम गर्दै आएको छ । यसमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेतृत्वदायी भूमिका निभाउँदै आएको छ ।

मन्त्रालयले वैदेशिक रोजगारी र आन्तरिक रोजगारीको क्षेत्रमा विगतदेखि नै धेरै प्रयासहरू गर्दै आइरहेको हो । विशेषगरी गत एक वर्षमा मन्त्रालयले वैदेशिक रोजगारीका सबै सेवाहरूलाई डिजिटलाइज गर्दै 'फेसलेस', 'क्यासलेस' र 'पेपरलेस' बनाएको छ । त्यसले धेरै सेवाग्राहीहरूलाई लाभान्वित बनाएको छ । त्यस्तै केन्द्रीकृत रहेको सेवालाई विकेन्द्रित गरी सातवटै प्रदेशको श्रम रोजगार कार्यालयबाट श्रम स्वीकृति दिने व्यवस्था गरेको छ । भर्खरै प्रधानमन्त्री पुष्पकमल दाहालले श्रम मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेको अवस्थामा ७५३ वटै स्थानीय तहका रोजगार सेवा केन्द्रमार्फत व्यक्तिगत र पुनः श्रम स्वीकृति दिने काम प्रारम्भ गरियो । त्यसबाहेक वैदेशिक रोजगारीको क्षेत्रमा अनलाइन श्रम स्वीकृति लागू गरिएको छ । श्रम स्वीकृति नहुँदा विदेशमा रहेका श्रमिकहरूले आफू मृत्यु हुँदा वा भवितव्यमा पर्दा पाउने सुविधाबाट वञ्चित हुनुपरेको थियो । त्यो समस्या हल गर्नका लागि जो जहाँ छ त्यहीँबाट पुनः श्रम स्वीकृति लिनसक्ने काम प्रारम्भ गरियो । अनलाइन सिस्टमबाटै नेपाली श्रमिकहरूले यो सेवा लिन सक्छन् ।

धेरै श्रमिकहरूले रोजगारदाता कम्पनीसँग तीन-चार वर्ष, कसैले पाँच वर्षसम्मको सम्झौता गर्छन् । तर, हामीले दुई वर्षको मात्रै दिने चलन थियो । हामीले दिने अवधि सकिएपछि उनीहरू 'इलिगल' (गैरकानुनी) भएर बस्नुपर्ने अवस्था थियो । त्यसलाई पनि हटायौं ।  दुई वर्षको सीमाकै कारणले धेरै मानिस इलिगल भए । सम्बन्धित देशले नै श्रम स्वीकृति र भिसा प्रदान गरिसकेपछि हामीले दुई वर्षको भनेर कडाइ गर्नुको कुनै औचित्य देखिएन । दुई वर्षे सीमालाई हटाएपछि धेरै श्रमिकहरू लाभान्वित भएका छन् ।

यो सँगसँगै हामीले सामाजिक सुरक्षा कोषमा पनि उनीहरूलाई आबद्ध गरायौं । वैदेशिक रोजगारमा गएका सबै श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने काम प्रारम्भ भएको छ । बाहिर रहेका श्रमिकहरू यसमा आबद्ध हुने क्रम जारी छ । यहाँबाट जानेलाई अहिले अनिवार्य गरिएको छ । विदेशमा काम गर्न जाँदा कुनै भवितव्य पऱ्यो वा मृत्यु नै भयो भने पनि विभिन्न सुविधा र पेन्सन पाउने सिस्टम हुन्छ । यसको निश्चित कार्यविधि स्वीकृत गरेर त्यो लागू भइसकेको छ ।

स्वदेशमा बस्ने श्रमिकहरू, औपचारिक र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरू पनि कोषमा आबद्ध गराउने कुरा यो महिनाबाटै सुरुआत गराउँदै छौं । यसबाट सामाजिकरूपमा सुरक्षित भएको महसुस नागरिकले गर्छन् । राज्यप्रतिको अटचाचमेन्ट (लगाव) बढाउँछ । उत्प्रेरणा, मनोवल बढाउँछ र त्यसले उत्पादनमा योगदान गर्छ भन्ने हिसाबमा त्यो काम अगाडि बढाइएको हो ।

अर्को राहत र उद्धारमा धेरै कामहरू भएका छन् । मृत्यु हुनेको सुविधा पाउने कुरामा पनि बिचौलिया हावी हुँदा पीडितले पूरा सुविधा नपाउने विकृति थियो । त्यसलाई हामीले एक्सनमा लग्यौं र अहिले पीडितकै खातामा पैसा जम्मा गरिदिने प्रणाली बनाइसकेका छौं । उनीरुले वैदेशिक रोजगार बोर्डबाट प्राप्त गर्ने सात लाख र बिमाबापत प्राप्त गर्ने १४ लाख रूपैयाँ आफ्नै खातामा जम्मा हुने प्रणाली लागू भएको छ । यदि मृत्यु भयो भने मृतकको शव आफन्तसहित विमानस्थलबाट सम्बन्धित ठाउँमा पुऱ्याइदिने प्रणाली कार्यान्वयनमा आइसकेको छ ।

विमानस्थलमा 'श्रम डेस्क'का कारण श्रमिकहरूले धेरै दुःख र हैरानी बेहोर्नुपरेको थियो । त्यो श्रम डेस्कलाई हटाएर सहायता कक्षको रूपमा राखेका छौं । त्यहाँ श्रमिकहरूलाई परेका समस्याहरूका बारेमा सहयोग गर्ने काम हुन्छ तर श्रमिकलाई पहिलेजस्तो हैरानी हुने काम हुँदैन । त्यस्तै, इमिग्रेसन (अध्यागमन)मा विदेशमा काम गर्न जाने भनेर श्रमिकलाई तल्लो दर्जाको नागरिक जसरी छुट्टै डेस्क राखिएको थियो । छुट्टै लाइनबाट जानुपर्थ्यो । हामीले सबै नेपाली नागरिक एउटै लाइनमा बसेर जानसक्ने प्रबन्ध गऱ्यौं । यसले पनि श्रमिकलाई मोटिभेट हुने वातावरण बन्यो ।

विदेशमा रहेका सबै नियोगहरूमा 'लेबर डेस्क' राख्ने र फोकल पोइन्टहरू राख्ने व्यवस्था गरिएको छ । त्यहाँ श्रमिकहरूको समस्या, गुनासो सुन्ने अधिकारी तोक्ने निर्णय गरेर परराष्ट्र मन्त्रालयमार्फत सबै नियोगहरूमा पठाइसकिएको छ । मन्त्रालयबाट खटिएका जति लेबर अटचाचीहरू छन् उनीहरूसँग प्रत्येक महिनाको २५ गते श्रमिकहरूको समस्या र श्रम मन्त्रालयको गतिविधिको बारेमा 'भर्चुअल' अन्तर्क्रिया गर्ने संयन्त्रको विकास गरेका छौं ।

यसले गर्दा श्रमिकहरूको हकहितमा कुरा गर्न, समस्या सम्बोधन गर्न सहज वातावरण बनेको छ ।

यहीबीचमा मन्त्रालयले पाँच वर्षको 'स्ट्राटेजी पेपर' (रणनीतिक योजना) तयार गरेको छ । आन्तरिक रोजगारी, श्रमको सम्मान (डिगनिटी अफ लेबर)को क्षेत्रमा लिनुपर्ने रणनीति, वैदेशिक रोजगारीको क्षेत्रमा सुधार गर्नुपर्ने विषयहरू, सामाजिक सुरक्षाको क्षेत्रमा पुनःसंरचना गर्नुपर्ने विषयहरू र अबको हाम्रो दिशा कता हुने ? कुन बाटोमा जाने ? हाम्रो वार्षिक कार्यक्रमहरू तयारी गर्दा कसरी जाने भन्ने समेटेर पाँच वर्षे रणनीति सार्वजनिक गरेका छौं । यसले यस क्षेत्रमा काम गर्नेहरूका लागि आधार दस्तावेजको रूपमा काम गरेको छ ।

२०७१ को रोजगार नीतिलाई पुनरवलोकन गर्ने, वैदेशिक रोजगार ऐन २०६४ लाई अहिलेको सन्दर्भमा प्रविधिमैत्री बनाउनुपर्ने छ ।

जति पनि हामी अहिले अनलाइन प्रणालीबाट काम गरेका छौं, हाम्रा श्रमिकहरूले जति दुःख पाएका छन् त्यो दुःखलाई हामीले कम गर्ने, कानुनकै कारणले कतिपय श्रम स्वीकृति दिँदा हामीले झण्झट बेहोर्नुपरेको छ, त्यसलाई पनि अब सुधार गर्दै संशोधन गर्ने प्रक्रियामा गएका छौं । विदेश जाने नागरिकरुहलाई अब दुई महिनाभित्र पठाउने योजना छ, जुन अहिले छ महिना लाग्छ । वैदेशिक रोजगारीका सबै काम र प्रक्रियालाई पारदर्शी बनाउने योजना छ ।

**(बाँकी पृष्ठ घ मा)**


## नागरिक पेन्सन योजना

यस योजना अन्तर्गत आयआर्जन गर्ने, प्रचलित कानून बमोजिम स्थापना भएका संघ, संस्था, एवम् प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैरआवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्ने छन् ।

**बचत गर्न सकिने सीमा :**

यसमा सहभागी हुने बचतकर्ताहरुले न्यूनतम मासिक रु.५००।- देखि अधिकतम आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा जम्मा गर्न सक्ने छन् । बचतकर्ताको आम्दानीको आधारमा मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक रूपमा रकम जम्मा गर्न सकिने विशेषता समेत रहेको छ । यस्तो किस्ता बुझाउँदा मासिक रु.५००।- भन्दा कम नहुने गरी बुझाउनु पर्नेछ ।

**पेन्सन पाउन योग्य हुने अवस्था :**

पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पूरा भएको र कम्तीमा १५ वर्ष योगदान गरेको हुनुपर्नेछ ।

बचतकर्ताले १५ वर्षको बचत नगर्दै त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ भुक्तानी लिन वा पेन्सनको रूपमा भूक्तानी लिन सक्नेछन् ।

कोषको अन्य योजनामा जम्मा भएको वा सहभागीको पारिश्रमिक वा स्वरोजगारीबाट आर्जित रकम एकमुष्ठ रूपमा तोकिएको न्यूनतम किस्ताले हुने जम्मा गर्ने सहभागीले समेत यस योजनामा सहभागी हुन सक्नेछन् ।

**पेन्सन गणना विधि:**

सहभागीले गरेको बचत, त्यसको ब्याज र कोषको लगानीवाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर पेन्सन पाउनेछन् ।

**योजनामा रकम जम्मा गर्ने विधि :**

सहभागी बचतकर्ताले जम्मा गर्नु पर्ने रकम कोषले तोकेको बैंक खातामा भौचर मार्फत वा बिद्युतीय भूक्तानी मार्फत जम्मा गर्न सक्ने छन् । बचतकर्ताले बैंकमा रकम दाखिला गरे पछि सोको जानकारी कोषलाई दिनु पर्ने छ । कोषद्वारा तोकिएको खातामा रकम जम्मा नभएमा उक्त रकम प्रति कोषको कुनै दायित्व रहने छैन ।

कोषमा रकम जम्मा गर्दा सम्बन्धित सहभागी बचतकर्ताको नाम र कोषले प्रदान गरेको परिचय नम्बर अनिवार्य रूपले उल्लेख गर्नु पर्ने छ ।

रकम जम्मा गर्दा आफ्नो सही नाम र कोषले प्रदान गरेको परिचय नम्बर उल्लेख गर्नु पर्ने दायित्व सम्बन्धित बचतकर्ताको हुनेछ । गलत नाम वा परिचय नम्बर उल्लेख भई रकम जम्मा भएमा त्यसको जिम्मेवारी कोषले लिने छैन ।

**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय, नयाँ बानेश्वर
पोष्ट बक्स नं.५८२३, फोन नं.०१-५९७०२०१
E-mail : info@nlk.org.np, Website : www.nlk.org.np






खुसीको कामना गर्ने भनेको आफ्नैले त हो नि !
नयाँ वर्ष २०८० को पावन अवसरमा यहाँको सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

आफ्नो भनेको आफ्नै हुन्छ

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
ने.रा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय, सिंहदरबारप्लाजा, काठमाण्डौ
फोन: ९७७-१-४२५-२५९५ । फ्याक्स: ९७७-१-४२५-२९३१ । rbb.info@rbb.com.np । www.rbb.com.np

# वैदेशिक...

यो वैदेशिक रोजगारीको क्षेत्रमा एउटा 'माइलस्टोन' (कोशेढुंगा) हुने अपेक्षा गरेका छौं । यसले बजार सिर्जनामा पनि महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

अर्को योजना, दक्ष बनाएरमात्रै श्रमिकलाई बाहिर पठाउने हो । अहिले ९७ प्रतिशत अदक्ष कामदार बाहिर जान्छन् । राम्रो तलब पनि पाउँदैनन्, हेपिएको महसुस गर्नुपर्ने काम गर्न बाध्य छन् । रोजगारदाता मुलुकको मागअनुसार यहाँ तालिम दिने, त्यो पनि रोजगारदाताकै खर्चमा नेपालमै कम्तीमा एक महिनाको तालिम दिएर पठाउने भन्ने हिसाबमा राष्ट्रिस्तरको व्यावसायिक सीप विकास प्रतिष्ठानको अवधारणा पनि अघि सारेका छौं । सातवटै प्रदेशमा त्यहाँको माग, आवश्यकता र त्यहाँको जनसंख्याअनुसार रोजगार सेवा केन्द्रहरूको समन्वयमा तालिम केन्द्रहरूमार्फत तालिम प्राप्त भएर मात्रै जाने ।

वैदेशिक रोजगारीमा जाँदा जुन पूर्वप्रस्थान अभिमुखीकरण डिडिओटी भन्ने तालिम लिन्छ, त्यो त्यति प्रभावकारी देखिएन । सम्बन्धित पालिकाहरूकै समन्वयमा तालिम लिने । यो सबै पारदर्शी बनाइसकेपछि एजेन्ट भन्ने हुँदैन । रोजगारीमा जाने मान्छेहरू सोझै आफ्नो पालिकामा जोडिने र त्यही भित्रबाट मात्रै मान्छे बाहिर जाने भएकोले एजेन्ट भन्ने हुँदैन र लागत पनि कम हुन्छ । ठगिने प्रवृत्ति पनि कम हुन्छ । र, त्यहीँबाट वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण सूचनाहरू एकद्वार प्रणालीबाट प्राप्त गर्ने प्रणाली लागू गर्ने भएको हुनाले त्यो अलि व्यवस्थित हुन्छ भन्ने हामीले सोचेका छौं । र, हामीले 'भर्चुअल' माध्यमबाट ७५३ वटै स्थानीय तहका रोजगार संयोजक र त्यहाँका प्राविधिकहरूलाई तालिम दिइसकेको हुनाले यो कार्यान्वयनकै क्रममा छ ।

**नयाँ गन्तव्यको खोजी**

अहिले हाम्रो श्रम गन्तव्य मलेसिया र खाडी राष्ट्रहरूमा केन्द्रित छ । अब यसलाई सिफ्ट गराउनु छ । खाडीमा तलब न्यून र काम गर्ने वातावरण पनि युरोपको भन्दा कम छ । मानवअधिकार, तलबलगायत सबै हिसाबमा राम्रो र भरपर्दो वैदेशिक रोजगारको सिर्जना गर्नुपर्ने र त्यो खालको अवसर दिनुपर्ने भएकोले जापान, जर्मनी, रोमानिया, पोर्चुगल, सेसेल्स, माल्दिभ्सलगायत देशहरूसँग श्रम सम्झौता गर्न लागेका छौं । साउदी अरबसँग पनि ड्राफ्ट गरेर पठाइसकेका छौं । श्रम सम्झौता भएका हाम्रा १० वटा देशहरू छन् ती मुलुकहरूसँग पनि श्रम सम्झौतालाई अपग्रेड गर्ने, समसामयिक परिमार्जन गर्ने ताकि हाम्रो मान्छेलाई न्यूनतम तलब, बिमा, ओभरटाइमका कुराहरू, सामाजिक सुरक्षा, राहत उद्धारमा तत्काल रेस्पोन्स गर्नेलगायतका विषयहरूमा मन्त्रालयले न्यूनतम मापदण्ड तोकेको छ । त्यो मापदण्डअनुसार श्रम सम्झौता 'अपग्रेड' गर्ने तयारीमा छौं ।

आन्तरिक रोजगारीतर्फ श्रमिक र रोजगारदाताको डेटा अहिलेसम्म छैन । एकीकृतरूपमा नेपालभित्र रोजगारदाता र श्रमिक कति छन् भन्ने तथ्यांक निर्माण गर्न कम्प्युटरकृत माध्यमबाट तथ्यांक लिने र त्यही तथ्यांकमा आधारित रहेर श्रम अडिट गर्ने, न्यूनतम तलब पाए कि पाएन, कति स्थायी, कति अस्थायी, कति करारमा छन्, आन्तरिक रोजगारदाताले कस्ता सुविधाहरू दिइरहेको छ ? लगायत रोजगारदाताका समस्याहरू सबैलाई समेटेर डेटा तयार पार्ने सफ्टवेयरको टेण्डर भइसकेको छ । आगामी साउनदेखि त्यो काम पनि सुरु हुन्छ ।




**अबको यात्रा**

जनताको नजिकको सरकार भनेको स्थानीय तह (पालिका) हो । हाम्रो संघीयताको मर्म पनि त्यही हो । त्यसैले वैदेशिक रोजगारीमा देखिएको समस्यालाई समाधान गर्नका लागि ७५३ वटा पालिकाहरूबाटै एकद्वार प्रणालीबाट तालिम, पूर्वप्रस्थान अभिमुखीकरण तालिमलगायतका सबै गतिविधिहरू सञ्चालन गर्ने योजना अघि बढाइएको छ । अब हाम्रा मान्छेहरू विदेशमा काम गरेर फर्केका श्रमिकहरूको ज्ञान, सीप र पुँजीलाई सदुपयोग गर्न ८१ वटा पालिकामा पुनःएकीकरण तालिम सञ्चालन गरी उद्यमशील बनाउने कार्यक्रम सुरु गरेका छौं । त्यसका लागि मन्त्रालयले इन्सेन्टिभको पनि व्यवस्था गरेको छ । यस वर्ष परीक्षणको रूपमा ८१ वटा पालिकामा सुरु गर्‍यौं । क्रमशः यो बढाउँदै लैजान्छौं । कोरियाबाट फर्केका श्रमिकहरूलाई कोइका (कोरिया इन्टर नेसनल कोअपरेसन एजेन्सी)बाट, जापानबाट फर्केकाहरूलाई जाइका (कोरिया इन्टरनेसनल कोअपरेसन एजेन्सी) बाट पनि पुनः एकीकरणसम्बन्धी कार्यक्रमहरू भइरहेको छ । यसले आन्तरिक रोजगारी प्रवर्द्धनमा सजिलो हुन्छ ।

वैदेशिक रोजगारीमा जाँदा कुन ठाउँमा जाने, कति तलबमा जाने त्यो कम्पनीको वातावरण के छ भन्ने जानकारी राख्न पाउनुपर्छ ।

वैदेशिक रोजगार सूचना प्रणाली (फेइम्स) प्रणालीलाई इनलार्ज (विस्तार) गरी रोजगारदातासम्म त्यसको पहुँच पुऱ्याउने कार्य हुँदै छ । यसलाई रोजगारदाता र श्रमिकको भेट हुने 'प्लेटफर्म' बनाउँदै छौं । यो आन्तरिक र वैदेशिक रोजगारी दुवैमा लागू हुनेछ । वैदेशिक रोजगारीमा रहेकाहरूलाई 'टेलिमेडिसिन' सेवा सुरु भइसकेको छ । वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूले आफ्ना समस्याहरूका बारेमा सीधै चिकित्सकसँग परामर्श गर्न पाउनेगरी वीर अस्पतालसँगको सहकार्यमा मन्त्रालयले यो सेवा सुरु गरेको हो ।

**रेमिटयान्समा प्रोत्साहन**

वैदेशिक रोजगारीमा गएकाहरूले पठाउने रेमिटयान्सले मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिइरहेको कुरा प्रस्ट छ । उनीहरूलाई रेमिटयान्स वैधानिक च्यानलबाट पठाउन थप प्रोत्साहित गर्न जरुरी छ । अहिले श्रम मन्त्रालयकै सुझावमा रेमिटयान्स पठाउनेहरूका लागि एक प्रतिशत बढी ब्याज दिने, आइपिओमा १० प्रतिशत आरक्षण दिने कामहरू भएका छन् । अझ रेमिटयान्स पठाउँदा लाग्ने शुल्क घटाउनेलगायत थप प्रोत्साहनका लागि काम गर्नुपर्छ ।

सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुको एउटा उद्देश्य भनेको रेमिटयान्स वैधानिक च्यानलबाट पठाउने वातावरण बनाउने पनि हो । प्रत्येक महिना उनीहरूले पठाउने पैसा सामाजिक सुरक्षा कोषको खातामा आउँछ । रेमिटयान्स ल्याएर भोलि कुनै क्षेत्रमा लगानी गर्दा उसलाई निश्चित अवधिका लागि कर छुट दिने अथवा सरकारको तर्फबाट केही प्रतिशत 'सफ्ट लोन' व्यवसाय सञ्चालनका लागि लगानी गरिदिने नीति ल्याउनुपर्छ । समाजिक सुरक्षा कोषलाई त्यो व्यवस्था गराउन लगाउने तयारी छ । वैदेशिक रोजगारीमा गएकाहरूलाई कोषमा आबद्ध गराएपछि त्यहाँ जम्मा हुने रकम लगानी गर्न सक्छौं । यो दोस्रो चरणको कार्यक्रम हो ।

**पहिचानसहितको वैदेशिक रोजगार**

अहिले वैदेशिक रोजगारीमा नेपालीको पहिचान के हो भन्ने नै छैन । पहिले गोर्खालीहरू सेक्युरिटी गार्डका लागि विशेष भन्ने थियो । तर, अहिले अदक्ष कामदारहरू जाने भएकोले सेक्युरिटी गार्डले पनि सफाइको काम गर्नुपर्ने हुन्छ । कुन कामका लागि जाने हो यसमा तालिमप्राप्त बनाएर पठाउनुपर्ने चुनौती छ । राज्य र वैदेशिक रोजगारीमा जानेहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गराउनुछ । यसका लागि लगानी गर्नुपर्छ । दक्ष बनाएर मात्रै पठाउन सक्नुपर्छ । रेमिटयान्स बढाउने मात्रै भनेर हुँदैन, त्यसका लगानी पनि गर्नुपर्छ । विदेशमा जानेहरूलाई 'डिमोटिभेट' बनाएर पठाउनु हुँदैन । एक पटक बाध्यताले विदेश गएकाहरूलाई दोस्रो चोटी पनि विदेश जाने वातावरण अन्त्य गर्नुपर्छ । विदेशमा गएकाहरूलाई लगानीका लागि प्रोत्साहन गरी उद्यमशीलता विकास गर्नुपर्छ ।

अबको नीति पूर्ण श्रमिकमैत्री वातावरण बनाउने हो । वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण ठूलो चुनौती बनेको छ । व्यवसायीहरू आफैं बाहिर गएर कोटा किनेर ल्याउने विकृति छ । कोटा किन्न हुण्डीमार्फत विदेशमा पैसा लैजाने प्रवृत्ति छ । यस्ता अवैध कार्यहरू पूर्ण नियन्त्रणमा ल्याउनुपर्छ ।

*(कुराकानीमा आधारित)*








**डा. द्वारिका उप्रेती**
कार्यकारी निर्देशक
वैदेशिक रोजगार बोर्डको सचिवालय

# पुन:एकीकरणमार्फत उद्यमशीलता प्रवर्द्धन

**पुनः एकीकरण कार्यक्रम प्रारम्भिकरूपमा बोर्डले सञ्चालन गरे पनि विस्तारै पालिकाहरूले स्वामित्व लिनुपर्ने हुन्छ । बोर्डले एउटा ट्र्याक देखाउनेछ भने कालन्तरमा स्थानीय तहको आफ्नै योजना हुनेछ । पुन:एकीकरण कार्यक्रममा सैद्धान्तिक मात्रै नभएर प्रयोगात्मक तालिमसमेत हुन्छ । मनोसामाजिक परामर्श र उद्यमशीलता यसका आयाम हुन् ।**

> पुन:स्थापनाको कार्यक्रम आगामी बजेटमा पनि समावेश गरेका छौं । कति रकम छुट्याउने भन्नेबारे बोर्ड बैठकले निर्धारण गर्नेछ । विदेशबाट फर्किएकाहरूलाई स्थापित गर्न सकियो भने हामीसँग भएको साधन स्रोतलाई भरपुर तरिकाले. परिचालन गर्छौं र मुलुकमा रहेको अर्थतन्त्रलाई केही वर्षमा नै उकालो लाग्नसक्ने अवस्था बनाउन सक्छौं ।

मुलुकको विकासका लागि यहाँ रहेका साधन स्रोतहरूको उपयुक्त परिचालन हुन जरुरी छ । उपयुक्त रूपमा मुलुकमा जे-जति स्रोत साधनहरू छन् तिनको संरक्षण गर्ने, विकसित गर्दै लैजाने र ती उपलब्ध साधन स्रोतहरूको भरपुर परिचालन गर्न सकियो भनेमात्रै उत्पादनमूलक काममा नेपाली श्रमिकहरूलाई लगाउन सकिन्छ । साधन स्रोतको उपयोगले गर्दा हामीले अर्थतन्त्रमा रहेको व्यापार घाटाको पक्षलाई पनि न्यूनीकरण गर्दै लैजान सक्छौं ।

अहिले हामी १६/१७ गुना सामान आयात गरिरहेका छौं । यसको एक भागमात्रै हामीले निर्यात गर्न सक्षम भएका छौं । यसले गर्दा समग्रमा नेपालको व्यापार घाटाले गर्दा मुलुकको अर्थतन्त्र कमजोर हुँदै गएको छ । पछिल्लो चरणमा हरियो वन नेपालको धन, कृषिप्रधान देश नेपाल, पर्यटन हाम्रो आधार भन्ने जस्ता नाराहरू कमजोर हुँदै गएका छन् । हामी हरेक सामानहरू वैदेशिक उत्पादनसँग निर्भर हुन थाल्यौं । पछिल्लो अवस्थामा वैदेशिक रोजगारीमा जाने श्रमिकहरूले पठाएको रेमिटयान्सबाट मात्रै मुलुकको अर्थतन्त्र धानिएको स्थिति छ । २३/२४ प्रतिशतको हाराहारीमा हाम्रो देशको अर्थतन्त्रको आधार वैदेशिक रोजगारी बनेको छ । अर्थात् कूल बजेटको २७/२८ प्रतिशत वैदेशिक रोजगारीलाई फोकस गरेर त्यसैमा आधारित भएर बजेट बनेको छ । जसले गर्दा अहिले वैदेशिक रोजगारी जरुरी जस्तो देखिएको छ ।

तर, दीर्घकालका लागि श्रमिकहरूलाई विदेशमा पठाएर आउने आम्दानीले मुलुक धनी हुँदैन । यो भनेको अल्पकालीन परिस्थितिका लागिमात्रै हो । जबसम्म आन्तरिक स्रोतहरूको परिचालन गरी रोजगारी सिर्जना गर्न सक्दैनौं ती अवधिभरिका लागिमात्रै वैदेशिक रोजगारीलाई बढावा दिनुपर्ने हुन्छ । यसपछि भनेको हाम्रो पुँजी, ज्ञान र प्राविधिको तयारी भइसकेपछि नेपाली श्रमिकहरूलाई स्वदेशमा नै काम दिने व्यवस्था गर्न सक्छौं । यसले गर्दा मुलुकको अर्थतन्त्र उकालो लाग्छ ।

अहिले ३२ वटा बैंकबाट घटेर २२ वटामा सीमित भएका छन् । अर्थतन्त्र चलायमान हुन नसक्दा बैंकिङ क्षेत्र खुम्चिएको मेरो निष्कर्ष छ । सबै कार्यालयमा कुनै पनि शीर्षकमा सरकारले २० प्रतिशत बजेट घटाएर काम गर्नु भनिरहेको छ । विभिन्न कार्यालयहरूमा तलब भुक्तानी गर्न समस्या भइरहेको छ । सरकारले अहिले भौतिक निर्माणको क्षेत्रमा बजेट कटौती गर्नुपर्ने अवस्था सिर्जना भएको छ । तलब वृद्धि गर्नसक्ने अवस्था छैन । सामाजिक सुरक्षासम्बन्धी बजेटमा पनि वृद्धि गर्नसक्ने अवस्था छैन । हामीसँग भएको साधन स्रोतको परिचालन गर्न नसक्दा यस्तो कमजोर स्थितिमा पुगेका हौं ।

नेपालका विभिन्न ठाउँमा रहेका साधन स्रोतलाई प्रयोग गर्न सक्ने हो भने ४०/५० लाख श्रमिकले नेपालमा नै रोजगारी पाउन सक्छन् । औपचारिकरूपमा विदेश गएकाहरूको संख्या २४/२५ लाख र अनौपचारिकरूपमा पनि त्यति नै संख्याको हाराहारीमा वैदेशिक रोजगारीमा रहेको देखिन्छ । यी सबैलाई नेपालमा नै काम दिन सकिन्छ । नेपालमा हुने रोजगारी उपलब्धिमूलक हुन्छ कि हुँदैन त्यो एउटा सन्दर्भ हुन सक्ला तर वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई समेट्ने सन्दर्भमा भर्खरै वैदेशिक रोजगार बोर्डको सचिवालयले एउटा निर्देशिका जारी गरेको छ । जसलाई पुन:एकीकरण (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७९ भनिएको छ । उक्त निर्देशिका अनुसार हामीले वैदेशिक रोजगारीबाट फर्केर आउने लाभग्राहीहरूको सूची तयार पार्ने, हरेक स्थानीय तहले तयार पारेको सूची तत्तत् पालिकामा श्रमिकहरूको सीप, पुँजी र प्रविधिको मूल्यांकन गर्ने र त्यसको आधारमा कुन-कुन पालिकामा कस्ता तालिम दिँदा उद्यमी बनाउन मद्दत पुग्छ र रोजगारीको सिर्जना हुन्छ भन्नेमा ध्यान दिएका छौं ।

यसबाहेक श्रमिकहरूको सीपसँग सम्बन्धित, प्रविधिसँग सम्बन्धित, पुँजीसँग सम्बन्धित र अनुभवसँग सम्बन्धित भएर गरिने विभिन्न कार्यक्रम उत्पादनमूलक होस् र खासगरी कृषिलाई बढी प्रथमिकता दिइयोस् भन्ने हेतुले निर्देशिक जारी गरिएको हो । निर्देशिका अनुसार पुन:एकीकरण कार्यक्रम सञ्चालनका लागि एउटा समन्वय गर्ने समिति वैदेशिक रोजगार बोर्डमा हुन्छ र अर्को कार्यान्वयन गर्ने समिति स्थानीय तहमा हुन्छ । समन्वय गर्ने समितिको संयोजक बोर्ड सचिवालयको कार्यकारी निर्देशक रहने र कार्यान्वयन गर्ने समितिको संयोजक तत्तत् पालिकाको उपप्रमुख वा उपाध्यक्ष हुने छन् । यसैलाई आधार मानेर हामीले पाइलट प्रोजेक्टको रूपमा वैदेशिक रोजगारबाट फर्किएका तीन हजार जनालाई तालिमको व्यवस्था गर्ने भनेर १५ करोड रूपैयाँ छुटयाइएको छ । उक्त बजेटबाट श्रमिकहरूलाई सामाजिकरूपमा स्थापित गराउन मनोसामाजिक परामर्शको तालिम दिने र उत्पादनसँग सम्बन्धित उद्यमशीलताको तालिम दिइनेछ ।

वैदेशिक रोजगारीबाट फर्किएकाहरूको विस्तृत विवरण खुलाएर स्थानीय पालिकाले बोर्डसँग समन्वय गरिरहेका छन् । जुन-जुन पालिकाले विस्तृत विवरण संकलन गरेका छैनन् उनीहरूलाई अर्को कार्यक्रममा समेट्ने योजना बनाइएको छ । अहिले ८५ वटा पालिकाले कार्यक्रम सञ्चालनका लागि निवेदन दिएका छन् । जसमध्ये ८१ वटा पालिकामा कार्यक्रम सञ्चालनका लागि सम्झौता भइसकेको छ ।

कार्यक्रम सञ्चालनका लागि स्थानीय तहमा तालिमसमेत सञ्चालन गरिसकिएको छ । ७५३ वटै पालिकामा रोजगार संयोजक रहेका छन् । रोजगार संयोजकले आन्तरिक र वैदेशिक रोजगारीलाई सहयोग र समन्वय गर्ने काम गर्ने छन् । ती संयोजकहरूले पनि हामीले सञ्चालन गरेको कार्यक्रमलाई सपोर्ट गरिरहेका छन् । यस्तै स्वीस प्रोजेक्टअन्तर्गत सामी परियोजना पनि सञ्चालनमा रहेको छ । यो योजना १५६ स्थानीय तहमा सञ्चालित छ । सामी परियोजनाका कर्मचारीले पनि यो कार्यक्रमलाई सघाउने छन् ।साथै, आन्तरिक रोजगारी सिर्जना गराउन अर्थ मन्त्रालयअन्तर्गत रहेको समृद्धि परियोजनाले पनि काम गरिरहेको छ । स्थानीय तहमा काम गर्ने एनजिओका प्रतिनिधिहरूलाई पनि यस कार्यक्रममा समावेश गर्न सकिनेछ र वैदेशिक रोजगारीका विज्ञहरूलाई पनि समावेश गरेर कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ । स्थानीय तहहरूले सञ्चालन गर्ने कार्यक्रमले वैदेशिक रोजगारीबाट फर्किएकाहरू लाभान्वित हुन्छन् भन्ने कुरामा हामी विश्वस्त छौं र राज्यपक्ष पनि विश्वस्त छ । स्थानीय तहलाई दिइएको कार्यान्वयनको अधिकार र उत्पादित सामग्रीहरूको बजारीकरणमा स्थानीय तहलाई नै जिम्मेवार बनाइनु नै विश्वस्नीयताको आधार हो ।

पहिलो चरणमा तीन हजार जनालाई तालिम दिनेछौं र यसको प्रभावकारिताको आधारमा आगामी कार्यक्रममा यो भन्दा बढी वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई समावेश गर्ने गरी पुन:स्थापना गराउने तयारी गराउँदै छौं । पुन:स्थापनाको कार्यक्रम आगामी बजेटमा पनि समावेश गरेका छौं । कति रकम छुटयाउने भन्नेबारे बोर्ड बैठकले निर्धारण गर्नेछ । विदेशबाट फर्किएकाहरूलाई स्थापित गर्न सकियो भने हामीसँग भएको साधन स्रोतलाई भरपुर तरिकाले. परिचालन गर्छौं र मुलुकमा रहेको अर्थतन्त्रलाई केही वर्षमा नै उकालो लाग्नसक्ने अवस्था बनाउन सक्छौं । तर, सधैं रेमिटयान्सको भर परियो भने कुनै पनि कारणले अन्तर्राष्ट्रिय सम्बन्ध सुमधुर भएन र गन्तव्य मुलुकमा भएका श्रमिकहरू फर्किनुपर्‍यो भने मुलुकको अर्थतन्त्र चौपट हुने र आन्तरिक द्वन्द्वको सुरुआत हुने खतरा हुन्छ । यसकारण वैदेशिक रोजगारीबाट फर्किएकाहरूमा निराशा नआओस् र उत्पादनमूलक काममा लागून् भनेर पुन:एकीकरण गर्नुपर्छ भनेर नै कार्यक्रम सञ्चालनको सुरुआत गरिएको हो ।

हामीसँग लाभग्राहीको यकीन तथ्यांक नभए पनि हरेक पालिकालाई त्यसको संकलन गर्न पत्राचार गरेका छौं । यसको यकीन विवरण आइसकेपछि कम्तीमा दुई वर्ष विदेशमा काम गरेकाहरूलाई लाभग्राहीको सूचीमा राख्नेछौं । दुई वर्ष अगावै फर्किनेहरू लाभग्राहीमा नपर्ने व्यवस्था छ । यो कार्यक्रम विभिन्न दातृ निकायहरूले सञ्चालन गर्ने परियोजनाजस्तै हो ।

प्रारम्भिकरूपमा बोर्डले यो कार्यक्रम सञ्चालन गरे पनि विस्तारै स्थानीय पालिकाहरूले स्वामित्व लिनुपर्ने हुन्छ । बोर्डले एउटा ट्र्याक देखाउनेछ भने कालन्तरमा स्थानीय तहको आफ्नै योजना हुनेछ । पुन:एकीकरण कार्यक्रममा सैद्धान्तिक मात्रै नभएर प्रयोगात्मक तालिमसमेत हुन्छ । मनोसामाजिक परामर्श र उद्यमशीलता यसका आयाम हुन् । एउटा लाभग्राहीका लागि सरकारले ४२-४३ हजार रूपैयाँ तालिमका लागि खर्च गर्नेछ । यसबाट बचत हुन आउने रकममा स्थानीय तहले चाहेमा केही रकम थपेर लाभग्राहीलाई 'सिड मनी' (बीउ पुँजी)को रूपमा उपलब्ध पनि गराउन सक्छ । जसका कारण थोरै पुँजीमा पनि आयमूलक व्यवसाय सञ्चालनका लागि टेवा पुग्नेछ ।

तसर्थ, वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई समाजमा स्थापित गराउन र रोजगारी सिर्जना गराउन यस कार्यक्रमले उल्लेख्य योगदान पुर्‍याउन सकोस् भन्ने अभिप्रायका साथ बोर्डले काम गरिरहेको छ ।

*(कुराकानीमा आधारित)*















# वैदेशिक रोजगारी 'जेनेटिक' भइसक्यो



कुमुद खनाल
अध्यक्ष
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसियसन

नेपालबाट वैदेशिक रोजगारीमा जाने नेपालीहरूको रफ्तार घट्ने देखिँदैन । व्यक्तिको आम्दानीको ठूलो हिस्सा स्वास्थ्य, शिक्षा र खाद्यान्नमा नै खर्च हुन्छ । सामान्य परिवारका लागि यो आम्दानी नेपालमा बसेर सम्भव छैन, जसका लागि विदेशिनु बाध्यात्मक अवस्था भए पनि अर्थोपार्जनको बलियो आधार वैदेशिक रोजगारी नै हो ।

वैदेशिक रोजगारीलाई गन्तव्य मुलुकहरूको नीति र विश्व परिस्थितिको तादम्यतासँग जोडेर हेर्नुपर्छ । साथै, यसले नेपालको अर्थतन्त्रमा पारेको प्रभावलाई बिर्सनु हुँदैन । गत ७० को दशकमा शून्य लागतमा वैदेशिक रोजगारीमा जाने कुरा जोडले उठ्यो । हुन त यो कुनै नयाँ कुरा थिएन, डिमाण्ड र सप्लाइको आधारमा रोजगारदाताले कार्यान्वयन गर्थे । तर, पछिल्लो समय महत्त्वकासाथ हाइलाइट गरियो र नेपाल सरकारले पनि नीतिगत पहल गर्‍यो । अझ भनौं यसमा नेपाल सरकार २०७२/७३ मा ओभर रियाक्टिभ नै भयो र 'फ्रि भिसा, फ्रि टिकट'को विषयलाई एक्कासि अन्तर्राष्ट्रिय सिनारियोमा ल्याइयो, यस प्रावधानले हलचल नै भयो । यसले वैदेशिक रोजगारको क्षेत्रमा राम्रो र नराम्रो दुवै परिस्थिति सिर्जना गर्‍यो । सही अर्थमा भन्ने हो भने हाम्रो मुलुकले जस्तो अन्य मुलुकले पनि कामदार पठाउन उल्लिखित सर्त राखेको भए उपलब्धि हासिल हुने थियो भने नेपाली श्रमिकहरूले पैसा तिर्नुपर्ने अवस्था आउँदैन थियो । नेपाल एक्लै भएका कारण गन्तव्य मुलुकहरूले हाम्रो कुरालाई त्यति महत्त्व दिएनन् ।

सरकारले विदेशमा काम गर्न जाँदा पैसा लाग्दैन त भन्यो तर त्यसको मार समग्र वैदेशिक रोजगार क्षेत्रमा पर्‍यो । जसका कारण थुप्रै व्यवसायीहरू पलायन भए । ७० को दशक वैदेशिक रोजगारको क्षेत्रमा ठूलै उथलपुथल आयो । यसले सकारात्मकभन्दा नकारात्मक प्रभाव धेरै पार्‍यो । 'फ्रि भिसा, फ्रि टिकट'को प्रावधानले व्यवसायीलाई दायित्वविहीन बनायो भन्दा अत्युक्ति नहोला । भोलि कुनै कामदार समस्यामा पर्‍यो र फर्किनुपर्ने अवस्था आयो भने त्यसको क्षतिपूर्ति लिने ठाउँ नै छैन । कानुनअनुसार पैसा बुझाएर गएको पनि हुँदैन र व्यवसायी त्यसको जवाफदेही हुँदैनन् । फ्रि भिसा फ्रि टिकटको प्रावधान आएपछि पुराना व्यवसायी पलायन हुने र नयाँ लाइसेन्स लिनेको संख्या ह्वात्तै बढेको वैदेशिक रोजगार विभागको तथ्यांकले पनि देखाएको छ । अस्वस्थ्य प्रतिस्पर्धाले ठगीका घटना उत्तिकै बढेका छन् ।

यही ७० कै दशकमा हामीले कोरोना महामारीको पनि सामना गर्नुपर्‍यो । एक किसिमले भन्नुपर्दा नजरबन्दजस्तै अवस्था सिर्जना गर्‍यो । कोरोनाकै कारण प्रचलनमा रहेका थुप्रै उद्यम व्यवसाय कोल्याप्सको अवस्थामा पुग्यो भने सँगसँगै नयाँ कन्सेप्ट र बिजनेसको पनि उदय भयो । विश्वमा उद्योग गर्ने, ट्रेडिङ गर्ने, उत्पादन गर्ने, जागिर खाने र मानिसको चलायमान हुने सोचमा पनि परिवर्तन आयो । यसले नयाँ कुराको सिर्जना गर्‍यो ।

नेपालबाट सिर्जना भएको नयाँ परिवेशअनुरूपको श्रमिक पठाउनसक्ने अवस्था हुन सकेन, न त त्यो स्तरको जनशक्ति नै तयार गर्न सक्यौं । तर, कोभिडको लहर सकिएपछि गन्तव्य मुलुकमा परम्परागतरूपमा सञ्चालित पेसा व्यवसाय 'रिफर्म' भएपछि रोजगारीका लागि जाने नेपालीको संख्यामा पनि ह्वात्तै वृद्धि भयो ।

कोरोनापछि पढेलेखेका र उच्च मध्यम वर्गका नेपालीहरू पनि मलेसिया तथा खाडी मुलुकमा जान थालेका छन् । त्यस्तै वैदेशिक रोजगारमा जाने महिलाहरूको संख्यामा पनि सतप्रतिशतले नै वृद्धि भएको पाइएको छ । विदेश जान राहदानी लिने महिला पनि उल्लेख्य बढेका छन् । कोरोनाका कारण मानिससँग भएको सञ्चित रकम सकिएपछि आयआर्जनका लागि विभिन्न विकल्प खोजिरहेका छन् र सजिलो माध्यमको रूपमा वैदेशिक रोजगारीलाई लिइरहेका छन् । यसको चपेटामा महिला बढी देखिन्छन् । यतिखेर झण्डै ७० प्रतिशत मानिस रकमविहीन अवस्थामा रहेका छन् । अहिले नेपालीहरू कमाउनभन्दा पनि बाँच्नका लागि संघर्ष गरिरहेका छन् ।

नेपाल सामान्य कामदार पठाउने देशको रूपमा चिनिन्छ । नेपालबाट प्राविधिक जनशक्ति पठाउनसक्ने अवस्था पनि छैन । अन्तर्राष्ट्रिय डिमाण्डअनुसार मुस्किलले ०.००१ प्रतिशत दक्ष तथा प्राविधिक श्रमिक पठाउन सकिएला तर यो अन्य मुलुकको तुलनामा गणना नै हुँदैन । यसमा नेपालको शिक्षा प्रणालीले पनि काम गरेको छ । जसमा ८० प्रतिशत सैद्धान्तिक पढाइ हुन्छ । २० प्रतिशत प्राविधिक अध्ययनले मात्रै पुग्दैन । त्यसमा पनि हाम्रो प्रविधिक अध्ययनमा गराउनेभन्दा देखाउने बढी हुन्छ । यसले दक्षतामा निखार आउँदैन ।

जे होस्, काम जानोस् वा नजानोस्, प्राविधिक होस् वा अप्राविधिक जस्तो अवस्था भए पनि वैदेशिक रोजगारीमा जाने ट्रेण्ड भने निरन्तर चलिरहन्छ । यो विश्वव्यापी चक्र हो । अवसरका लागि मानिस जुनसुकै कुनामा पुग्नसक्छ । अवसरले नै मानिसलाई आप्रवासनमा पुर्‍याउँछ । यस्तो अवस्थामा नेपालीहरू अछूतो हुने कुरै आउँदैन ।

आजको दिनमा अलि आशा गरिएको कृषि क्षेत्र हो । यसमा पनि आधुनिक कृषि प्रणाली अवलम्बन गर्न नसक्दा प्रचुर उत्पादन हुन सकिरहेको छैन । आफूलाई पुग्ने उत्पादन गरेर बजारमा लैजाने अवस्था छैन । प्रविधिमैत्री प्रणालीको विकास नहुनु र परम्परागतरूपबाट हुने आम्दानीको स्रोतले नपुग्ने भएपछि नेपालीहरू वैदेशिक रोजगारीमा आकर्षित भएका हुन् । यसरी हेर्दा नेपालबाट वैदेशिक रोजगारीमा जाने नेपालीहरूको रफ्तार घट्ने देखिँदैन । व्यक्तिको आम्दानीको ठूलो हिस्सा स्वास्थ्य, शिक्षा र खाद्यान्नमा नै खर्च हुन्छ । सामान्य परिवारका लागि यो आम्दानी नेपालमा बसेर सम्भव छैन, जसका लागि विदेशिनु बाध्यात्मक अवस्था भए पनि अर्थोपार्जनको बलियो आधार वैदेशिक रोजगारी नै हो ।

वैदेशिक रोजगारीका लागि नेपालबाट मात्रै होइन विकसित भनिएको मुलुक अमेरिकाबाट पनि मानिसहरू अन्य मुलुक जाने गरेका छन् । झण्डै ४० प्रतिशत अमेरिकीहरू वैदेशिक रोजगारीमा रहेको विभिन्न तथ्यांकले देखाएको छ । यसर्थमा हामीले विश्वव्यापी परिवेशमा प्रतिस्पर्धा गर्नसक्ने प्राविधिक तथा दक्ष जनशक्ति उत्पादन गर्नुपर्छ । यसका लागि सरकारले आवश्यक लगानी र नीतिगत व्यवस्था गर्न जरुरी छ ।

अहिले विश्वबजारलाई दक्ष जनशक्तिको आवश्यकता छ । आप्रवासनको गतिलाई रोक्न नसकिने हुँदा सोहीअनुरूप हामीले हाम्रो दक्षतामा पनि अभिवृद्धि गर्न ढिलाइ गर्नुहुन्न । वैदेशिक रोजगारी जेनेटिक भइसकेको अवस्था छ । मेरो बाजे विदेश गएका थिए, बुबा पनि गए र म पनि जानुपर्छ भन्ने मान्यता बनिसकेको छ । यसलाई सरकारले बाध्यात्मक वैदेशिक रोजगारीको अवस्था भन्नु भन्दा पनि प्राकृतिक चक्रको रूपमा लिनु उत्तम हुन्छ र विदेश जाने नेपालीको सुरक्षण नीतिलाई बलियो बनाउनुपर्छ । यसमा सरोकारवाला सबैले पहल गर्न जरुरी भइसकेको छ ।

'वैदेशिक रोजगारी जेनेटिक भइसकेको अवस्था छ । मेरो बाजे विदेश गएका थिए, बुबा पनि गए र म पनि जानुपर्छ भन्ने मान्यता बनिसकेको छ । यसलाई सरकारले बाध्यात्मक वैदेशिक रोजगारीको अवस्था भन्नु भन्दा पनि प्राकृतिक चक्रको रूपमा लिनु उत्तम हुन्छ र विदेश जाने नेपालीको सुरक्षण नीतिलाई बलियो बनाउनुपर्छ । यसमा सरोकारवाला सबैले पहल गर्न जरुरी भइसकेको छ ।'









# रोजगारी, वैदेशिक रोजगारी र विप्रेषण व्यवस्थापन



सुमन दाहाल
(सहसचिव, अर्थ मन्त्रालय)

आन्तरिक रोजगारी प्रवर्द्धन गर्नका लागि सम्भावित क्षेत्रहरूको पहिचान गरी लगानीको प्रत्याभूति गराउने, काम गर्ने संस्कृतिलाई बढावा दिने, पेसालाई मर्यादित बनाउने कार्य महत्वपूर्ण हुन्छन् । जसमा सीप विकास, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण र समन्यायिक विकासलाई जोड दिनु अपरिहार्य छ ।

यतिखेर मुलुकको अर्थतन्त्र वैदेशिक रोजगारीमार्फत भित्रिने विप्रेषण (रेमिटचान्स)ले धानेको छ । स्वदेशमा रोजगारी सिर्जना गर्न नसक्दा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या दिनानु दिन बढ्दै गइरहेको छ । यस्तो परिस्थितिमा मुलुकभित्रै रोजगारीको अवसर सिर्जना गर्न कृषि, पर्यटन, उद्योगलगायतका क्षेत्रलाई प्रवर्द्धन गर्नुपर्ने टड्कारो आवश्यकता छ । अझ भन्नुपर्दा ठूलो संख्यामा रोजगारी सिर्जना गर्न कृषिको आधुनिकीकरण र व्यावसायीकरणलाई जोड दिनु सान्दर्भिक हुन्छ ।

स्वदेशमा नै रोजगारीको प्रचुर सम्भावना भए पनि वैदेशिक रोजगारी नेपालीहरूको नियतिजस्तै भइसकेको छ । यस्तो अवस्थामा रोजगारीका लागि विदेश जानुमात्रै उपलब्धि होइन, रोजगारदाता मुलुकलाई दक्ष जनशक्ति उपलब्ध गराउन सक्ने सामर्थ्य राख्नका लागि देशभित्र प्रत्येक प्रदेशमा एक-एक वटा तालिम केन्द्र सञ्चालनमा ल्याइनुपर्छ । जसको माध्यमबाट रोजगारदाता मुलुकहरूको मागमा आधारित दक्ष वा अर्धदक्ष जनशक्ति उपलब्ध गराउनसक्ने अवस्था बनाउन सकिनेछ। देश विकासमा विप्रेषणको योगदानलाई परिणाममुखी बनाउँदै वैदेशिक रोजगारीबाट फर्केकाहरूसँग भएको पुँजी, सीप, प्राविधिक ज्ञान स्वदेशभित्रै उपयोग गर्ने वातावरण तयार गरी पुनःविदेशिने अवस्थालाई न्यूनीकरण गर्न सकिन्छ ।

स्वदेशमा हुने लगानी वृद्धिले उद्योगधन्दा, पेसा व्यवसाय र रोजगारीको वृद्धिदर पनि बढाउने हुँदा अधिकतम लगानीका क्षेत्रहरूको पहिचानमा बल पुग्नेछ । तसर्थ, पूर्वाधार क्षेत्रमा ठूलो मात्रामा लगानी बढाउन सकिने अवस्था छ । जसका कारण आन्तरिक रोजगारी प्रवर्द्धन हुनेछ । समग्र आर्थिक उन्नतिका लागि आन्तरिक र बाह्य लगानी आकर्षित गर्ने नीतिहरूको कार्यान्वयनतर्फ ध्यान पुऱ्याउनुपर्ने भएको छ । आर्थिक वृद्धिदर उच्च राख्ने उद्देश्यका साथै गरिब र धनीबीचको आयस्तरको असमानतालाई समेत न्यूनीकरण गर्ने खालका नीतिगत सुधार अहिलेको आवश्यकता हो । राज्यले प्रदान गर्नसक्ने रोजगारीका अवसरहरूलाई दुर्गम र पिछडिएको क्षेत्रमा लैजाने र स्वरोजगार सिर्जना गर्ने खालका कर्जामाथि पहुँच बढाउन देखिएका अवरोधहरू हटाइ वित्तीय क्षेत्र सुधारको पहल गरिहाल्नुपर्ने आवश्यकता छ ।

> “खाडी मुलुकहरूमा नेपाली श्रमिकले भारत, श्रीलंका, पाकिस्तान, फिलिपिन्स, इण्डोनेसियासहितका देशबाट आउने श्रमिकसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था छ । दक्षताको अभावमा नेपालीहरूले अन्य मुलुकका श्रमिक समान ज्याला पाइरहेका छैनन् । यसकारण वैदेशिक रोजगारीमा जानुपूर्व दक्षता अभिवृद्धिका लागि विभिन्न सीपमूलक तालिम दिएर दक्ष जनशक्ति निर्माण गरी प्रतिस्पर्धात्मक र समान ज्यालादर निर्धारण गराउन सक्नु पनि उपलब्धिपूर्ण हुनेछ ।”

### वैदेशिक रोजगारी र विप्रेषण व्यवस्थापन

नेपालीहरू वैदेशिक रोजगारीमा गइरहेका छन्, विप्रेषण पठाइरहेका छन् । यद्यपि, यसको प्रभावकारी प्रयोग हुन नसकेको आवाज उठ्ने गरेको छ । यसरी विदेश जानेहरूका लागि विशेष राहदानीको व्यवस्था गरी त्यसैको आधारमा सटही सुविधा, ब्याजदर, भन्सार सुविधाजस्ता कुरामा आकर्षण सहुलियत प्रदान गर्ने अन्तर्राष्ट्रिय अभ्यास अनुरूप नेपाल सरकारले पनि विदेशमा काम गर्ने नेपालीहरूलाई सोहीअनुसार व्यवस्था गर्न ढिला भइसकेको छ । यसैगरी विदेशस्थित नेपाली कूटनीतिक नियोगसँगको समन्वयमा वैदेशिक रोजगारका सम्भाव्य क्षेत्रहरूको खोजी, आवश्यक सीप र तिनको उपयोगका निम्ति चाल्नुपर्ने कदमहरूको पहिचान गरी त्यस्ता अवसरहरूको उपयोग गर्न पनि कूटनीतिकरूपमा पहल गर्न जरुरी छ । खाडी मुलुकहरूमा नेपाली श्रमिकले भारत, श्रीलंका, पाकिस्तान, फिलिपिन्स, इण्डोनेसियासहितका देशबाट आउने श्रमिकसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था छ। दक्षताको अभावमा नेपालीहरूले अन्य मुलुकका श्रमिक समान ज्याला पाइरहेका छैनन् । यसकारण वैदेशिक रोजगारीमा जानुपूर्व दक्षता अभिवृद्धिका लागि विभिन्न सीपमूलक तालिम दिएर दक्ष जनशक्ति निर्माण गरी प्रतिस्पर्धात्मक र समान ज्यालादर निर्धारण गराउन सक्नु पनि उपलब्धिपूर्ण हुनेछ । वैदेशिक रोजगारमा जाँदा लाग्ने खर्च र विप्रेषणको नियमन गर्नेमात्र नभई श्रमिकहरूलाई एकै ठाउँबाट आवश्यक सुविधा प्रदान गर्न र एकद्वार नीतिमार्फत उपयुक्त संरचनाको निर्माण गरी सेवा प्रवाह गर्नुपर्ने देखिएको छ ।

### रोजगारी प्रवर्द्धनः स्वरोजगारी/रोजगारी तथा वैदेशिक रोजगारी

आन्तरिक रोजगारी प्रवर्द्धन गर्नका लागि सम्भावित क्षेत्रहरूको पहिचान गरी लगानीको प्रत्याभूति गराउने, काम गर्ने संस्कृतिलाई बढावा दिने, पेसालाई मर्यादित बनाउने कार्य महत्त्वपूर्ण हुन्छन् । जसमा सीप विकास, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण र समन्यायिक विकासलाई जोड दिनु अपरिहार्य छ । श्रमको माग र आपूर्तिबीच तादम्यता मिलाउन ‘सप्लाइ ड्रिभन’ भन्दा पनि ‘डिमाण्ड ड्रिभन’लाई बढी ध्यानदिनु जरुरी छ । यसका लागि शिक्षा नीतिलाई रोजगारमुखी बनाउन समयानुकूल परिमार्जन गर्दै लैजानुपर्ने देखिन्छ । साधारण शिक्षा र प्राविधिक शिक्षाबीचको सन्तुलन कायम गर्न आवश्यक शिक्षा नीति अवलम्बन गर्नुपर्नेछ ।

सरकार आफैंले सबैलाई रोजगारी दिन नसक्ने हुँदा रोजगारी सिर्जना गर्ने वातावरण अनुकूल बनाउने उदार आर्थिक नीतिलाई अंगीकार गर्दै निजी क्षेत्रको प्रोत्साहन तथा प्रवर्द्धनमा सहयोगी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यसका लागि लगानीमैत्री वातावरणको ग्यारेण्टी गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने बाटो खोल्नु उपयुक्त र हितकर हुनेछ । वैदेशिक रोजगारीलाई मर्यादित एवं सम्मानजनक बनाउन विदेश जान चाहने श्रमशक्तिको सीप विकास तथा क्षमता अभिवृद्धि गर्न एकद्वार नीति लागू गर्नु उपयुक्त देखिन्छ । जसका कारण विभिन्न निकायहरूले एकै किसिमको तालिम सञ्चालन गर्ने परिपाटीको अन्त्य गर्न सहयोग पुऱ्याउनेछ ।

सम्पूर्ण तालिम प्रदायक संस्थाहरूलाई श्रम तथा रोजगार मन्त्रालयको छाताभित्र ल्याई सीप विकास तथा भोकेसनल तालिम सञ्चालनका लागि नीति बनाइनुपर्छ । विशेषगरी सीमान्तकृत तथा पिछडिएका वर्गलाई प्राथमिकतामा राखी तालिम कार्यक्रम सञ्चालन गर्दै ‘एक व्यक्ति, एक सीप’को अवधारणालाई लागू गर्नु सान्दर्भिक हुने देखिन्छ । रोजगारीको परिभाषालाई पुनःपरिभाषित गर्दै न्यूनतम ज्यालालाई अझ बढी वैज्ञानिक बनाउनुपर्ने आवश्यकता छ । अनौपचारिक क्षेत्रमा पनि न्यूनतम ज्यालाको अवधारणा लागू गर्नुपर्ने आवाज उठिरहेको अवस्थामा रोजगारदाता तथा श्रमिकहरू दुवैलाई सुहाउँदो र लचिलो श्रम नीति तर्जुमा गर्नु बढी बुद्धिमता हुन आउँछ । सँगसँगै स्वरोजगारीको प्रवर्द्धन, बाध्यकारी तथा बालश्रमको अन्त्य, पेसागत सुरक्षा र स्वास्थ्यमा जोड दिने र श्रमिकहरूलाई सामाजिक सुरक्षाको प्रत्याभूति गराउन सक्नुपर्छ । श्रम विभागलाई सशक्त बनाउने र श्रम कार्यालयहरूको संख्या, क्षमता तथा पहुँचमा वृद्धि गर्दै लैजानुपर्ने देखिएको छ ।

देशभरका रोजगार सूचना केन्द्रहरूलाई रोजगारीको माग र आपूर्तिको पुलको रूपमा विकास गर्नु प्रभावकारी हुन आउँछ । जुन उद्देश्यका साथ रोजगार सूचना केन्द्रको स्थापना गरिएको हो, सोअनुरूप सञ्चालन हुन नसके ती केन्द्रहरूलाई खारेज गर्नु राम्रो हुन्छ ।

(बाँकी पृष्ठ ज मा)






# वैदेशिक रोजगार र मुलुकको अर्थतन्त्र



उत्तम घिमिरे

वैदेशिक रोजगार व्यवसायी, श्रम तथा रोजगार मन्त्रालय दुवैको तत्काल सूक्ष्म ध्यान जान आवश्यक ठान्दछु । त्यो के भने वैदेशिक रोजगार व्यवसायी ८११ वटा छन् । उनीहरु त सरकारको नीति, नियम, कानुन मातहतमा चलेका हुन्छन् ।

> वैदेशिक रोजगार भन्नेबित्तिकै नकारात्मक धारणा बनाइहाल्नु हुँदैन । किनकि, यो व्यवसाय हाम्रो देशको मात्र सरोकारको विषय होइन । संसारभरि कुनै न कुनै रूपमा यो व्यवसाय प्रचलित छ । कारण के भने आजको युग ग्लोबलाइजेसन (विश्वव्यापीकरण)को युग हो । सिंगो विश्व अत्याधुनिक प्रविधि तथा सञ्चार क्षेत्रको तीव्र विकासले गर्दा एउटा गाउँमा परिणत भइसकेको कुरा अब कसैबाट छिपेको छैन ।

वैदेशिक रोजगार नेपालको अर्थतन्त्रको एउटा प्रमुख स्तम्भ हो । हाम्रो अर्थतन्त्रको वार्षिक बजेट झण्डै १८ खर्बको छ । वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिटचान्सले नै वार्षिक बजेटको एकतिहाइ हिस्सा ओगटेको विषय सर्वविदितै छ । वार्षिक छ लाखभन्दा बढी नेपालीहरू विभिन्न श्रम गन्तव्य मुलुकमा रोजगारीका लागि बाहिरिन्छन् । सरकारले हालसम्म यति ठूलो संख्यामा देशभित्र वार्षिक रोजगारी सिर्जना गर्न सकेको छैन । कल्पना गरौं, यदि यो जनशक्ति वैदेशिक रोजगारमा नगएको भए हाम्रो देशको अर्थतन्त्र डामाडोल हुन्थ्यो होला । कति ठूलो नकारात्मक प्रभाव पर्थ्यो होला । वैदेशिक रोजगारबाट लामो समयपछि फिर्ता भएका केही जनशक्तिले देशभित्र ज्ञान र सीप भित्र्याएर नयाँ रोजगारी सिर्जना गरेका उदाहरण पनि प्रशस्तै छन् ।

हाम्रो देशमा विधिसम्मत ढंगले वैदेशिक रोजगारीमा पठाउन भनी हालसम्म ८११ वटा वैदेशिक रोजगार व्यवसायीहरूले सरकारबाट स्वीकृति पाएका छन् । यी मध्ये धेरैले तुलनात्मकरूपमा राम्रैसँग आफ्नो व्यवसाय चलाएका पनि छन् । यद्यपि केही म्यानपावर कम्पनीहरू बेलाबेलामा विभिन्न खाले विवादमा पनि पर्दै आएका छन् । यसै विषयलाई आधार बनाई एकथरी मान्छेहरू भन्दछन्- म्यानपावर कम्पनीहरू बन्द गरिनुपर्छ । वैदेशिक रोजगारमा युवाहरूलाई पठाउने काम सरकारले बन्द गर्नु पर्दछ । यदि त्यसो हो भने देशको आन्तारिक परिस्थिति त्यसको लागि परिपक्व हुनुपर्‍यो नि !

फेरि, वैदेशिक रोजगार भन्नेबित्तिकै झन् नकारात्मक धारणा बनाइहाल्नु पनि हुँदैन । किनकि, यो व्यवसाय हाम्रो देशको मात्र सरोकारको विषय होइन । संसारभरि कुनै न कुनै रूपमा यो व्यवसाय प्रचलित छ । कारण के भने आजको युग ग्लोबलाइजेसन (विश्वव्यापीकरण)को युग हो । सिंगो विश्व अत्याधुनिक प्रविधि तथा सञ्चार क्षेत्रको तीव्र विकासले गर्दा एउटा गाउँमा परिणत भइसकेको कुरा अब कसैबाट छिपेको छैन ।

अब म यहाँ वैदेशिक रोजगारसँग जोडिएको एउटा गम्भीर विषय उठान गर्न चाहन्छु । यसतर्फ वैदेशिक रोजगार व्यवसायी, श्रम तथा रोजगार मन्त्रालय दुवैको तत्काल सूक्ष्म ध्यान जान आवश्यक ठान्दछु । त्यो के भने वैदेशिक रोजगार व्यवसायी ८११ वटा छन् । उनीहरू त सरकारको नीति, नियम, कानुन मातहतमा चलेका हुन्छन् । तीमध्ये कसैले गम्भीर गल्ती गरेछ भने पनि रेकर्डमा आउँछन् । आवश्यक कारबाही गर्न पनि सजिलो हुन्छ । यहाँ त वैदेशिक रोजगारका नाममा म्यानपावर कम्पनीको नाम जोडेर होस् अथवा नजोडिकनै व्यक्तिगतरूपमा चाँडै मालामाल हुने कु-मनसाय राखेर हजारौं व्यक्तिहरू देशभरि सलबलाइराखेका छन् । जसलाई हामी सरल भाषामा वैदेशिक रोजगार एजेण्ट भन्दछौं ।

यो लेख नियमानुसार लाइसेन्स प्राप्त एजेन्टतर्फ लक्षित छैन । मात्र ठगी नियत भएका व्यक्तितर्फ लक्षित छ । यस्ता हजारौं व्यक्तिहरूले एकातिर वैदेशिक रोजगार व्यवसायको बद्नाम गराएका छन् भने अर्कोतर्फ दशौं हजार सोझा, सीधा मानिसहरूलाई ठगी गरी ऋणमा डुबाउने र विदेशमासमेत अलपत्र पार्ने काम निर्लज्जरूपमा गरिरहेका छन् । तसर्थ यस्तो मानव बेचविखनको जघन्य अपराधलाई रोक्न वैदेशिक रोजगार व्यवसायी, सरकार र अन्य सरोकारवाला सबैको ऐक्यबद्धता र भूमिका महत्त्वपूर्ण हुन्छ ।

यसै सन्दर्भमा म यहाँ एउटा ताजा खबर लेख्न सान्दर्भिक ठान्दछु । मिति २०८०-०१-०८ शुक्रबार दिनको २ बजेदेखि ५ बजेसम्म चावहिल मित्रपार्कस्थित टेक्सास कलेजको हलमा शान्ति सुरक्षासम्बन्धी अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । यो कार्यक्रममा म पनि पूरा समय उपस्थित थिएँ । नागरिक सामुदायिक सेवा केन्द्र र सामुदायिक प्रहरी सेवा केन्द्रद्वारा आयोजित उक्त अन्तक्रियामा काठमाडौंका प्रहरी उपरीक्षक दानबहादुर कार्की उपस्थित हुनुहुन्थ्यो । उहाँको भनाइलाई आधार मान्दा आर्थिक लेनदेनका आपराधिक मुद्दाहरू काठमाडौंमा मात्र दैनिक ५० वटा दर्ता हुँदा रहेछन् । यो तथ्यांक भयावह हो । वैदेशिक रोजगारसँग सम्बन्धित आर्थिक लेनदेनका मुद्दाहरू मात्र कति वटा दर्ता हुन्छन् भनी मैले उहाँलाई प्रश्न गरेँ । उहाँले यसबारे अहिले नै ठ्याक्क भन्न नसकिने हुनाले मलाई प्रहरी परिसर टेकुमा आएर बुझ्न आग्रह गर्नुभयो ।

जे होस्, हामी सबै सरोकारवालाहरू अर्थात् नागरिक समाज, वैदेशिक रोजगार विभाग, प्रहरी र म्यानपावर कम्पनीहरू एकदमै चनाखो र सचेत हुनुपर्ने बेला भइसकेको मैले महसुस गरेँ ।

## रोजगारी...

श्रम तथा रोजगारसँग सम्बन्धित कानुनहरूलाई अन्य क्षेत्रगत नीतिहरूसँग आबद्धता कायम गरी वैदेशिक रोजगारीमा हुने ठगीलाई न्यूनीकरण गर्न र अन्य कार्यक्रमको प्रभावकारी सञ्चालनमा अनुगमन तथा मूल्यांकनमा प्रयोग गर्नु उपयुक्त हुन्छ । प्रस्तावित एकीकृत सामाजिक सुरक्षा ऐन र श्रम ऐन यथाशीघ्र जारी गरी सामाजिक सुरक्षा योजना कार्यान्वयन तथा असल श्रम सम्बन्ध बनाउन आवश्यक छ । वैदेशिक श्रमबजारलाई श्रमिकमैत्री बनाउन जनशक्तिको विकास र गन्तव्य मुलुकसँगको श्रम सम्झौतालाई प्रभावकारी बनाउनु अपरिहार्य छ । त्यस्तै सबै विप्रेषणलाई औपचारिक माध्यमबाट देशमा ल्याउनका लागि सुविधा दिनुका साथै त्यसलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने नीति अवलम्बन गर्नु प्रभावकारी देखिने छ । तसर्थ, तालिमपश्चात् बनेको सीपयुक्त जनशक्तिलाई उद्यमशीलता, वस्तुगत सहायता, वित्तीय सहायता, उत्पादनमा प्रोत्साहन, गुणस्तरीय सेवा प्रवाह र बजारीकरणमा सहज पहुँचको सरल संयन्त्र विकास गर्ने दायित्व सरकारकै हो । यसका लागि सबैले हातेमालो गर्नु जरुरी छ ।

*(कुराकानीमा आधारित)*


10TH YEARS ANNIVERSARY

हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको नवौं वर्ष सफलतापूर्वक पार गरी दशौं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा प्रकाशन निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

पुर्नरबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुदुरपश्चिम प्रदेश, कञ्चनपुर नेपाल



हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको नवौं वर्ष सफलतापूर्वक पार गरी दशौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
SHUBHAPRAVA SAVING & CREDIT CO-OPERATIVE LTD.

प्रधान कार्यालय: | Your Financial Partner

चुच्चेपाटी, चाबहिल, काठमाडौं, फोन नं. ०१-४४६१७५६/४४६१७५६
सदस्य सुविधा काउन्टर: न्युरोड, फोन नं. ०१-५३६५०८९/५३६३०८७
Email: info@shubhaprava.com.np, shubhaprava.cop@gmail.com, www.shubhaprava.com.np





# सुखद दशकको आशा

## नाकाबन्दी, भूकम्प र कोरोनाले गाँजेको एक दशक



सुन्दर पाण्डे



> संकटै संकटले भरिएको दशक ७० पार गरी ८० को दशकमा प्रवेश गरिसकेको छ । आवधिक निर्वाचन सम्पन्न भई नयाँ सरकार आइसकेको अवस्था छ । चुनावमा स्थिर सरकारको नारा लिएर जनतामाझ गएका दलहरूको गठबन्धन सरकार छ । यो गठबन्धनले आगामी पाँच वर्ष विकास र समृद्धिलाई लक्ष्यमा राखेर काम गरे ८० को दशकलाई सुखद बनाउन आधार तयार हुने अपेक्षा गर्न सकिन्छ । तर, दलहरूबीचको गठबन्धन टुट्ने र फेरिने टुंगो नहुँदा फेरि सरकार फेरिइरहने प्रवृत्ति नदोहोरिएला भन्न सकिन्न ।

७० को दशकको सुरुआती अवस्थामै नेपालमा विनासकारी भूकम्प गयो । करिब नौ हजार मानिसले ज्यान गुमाउँदा लाखौं मानिस घरबारविहीन बने । राजनीतिकरूपमा स्थायी सरकारको अभाव यस दशकमा पनि देखियो । त्यसमाथि प्राकृतिक विपत्तिका कारण नेपाली जनताले ठूलो क्षति बेहोर्नुपर्‍यो ।

२०७२ साल वैशाख १२ को विनासकारी भूकम्पका कारण धरहरासँगै कैयौं देशवासीका परिवार ढले, घर ढले अनि सपना ढले । देशभरका १० लाखभन्दा बढी घरहरू क्षतिग्रस्त बने । गृह मन्त्रालयका अनुसार उक्त भूकम्पका कारण मुलुकले पाँच खर्ब २५ अर्बभन्दा बढीको क्षति बेहोर्न बाध्य भयो । भूकम्पका कारण कतिपय संरचनाहरू ध्वस्त बने, एकाध उद्योगहरूबाहेक अन्यले सञ्चालन हुने अवसर पाउन सकेनन् । धेरै मानिसहरूले रोजगार गुमाए ।

सोही साल नेपालको संविधान जारी भयो । असोज ३, २०७२ मा जारी भएको संविधान राजनीतिकरूपमा उत्कृष्ट कार्य भए पनि व्यावहारिकरूपमा भने विरोधका स्वरहरू गुञ्जिन थाले । दोस्रोपटकको संविधानसभाको अन्तिम समयमा मात्र संविधान बन्यो । उक्त संविधानप्रति पनि कतिपय मानिसहरूको विरोधका शृंखलाहरू अहिलेसम्म रोकिएको छैन ।

त्यसबाहेक नेपालीले जुगौंसम्म सम्झिने अर्को घटना भयो २०७२ असोज ६ गते । ३ गते जारी भएको संविधानप्रति असन्तुष्टि जनाउँदै भारतले अघोषितरूपमा नाकाबन्दी गर्‍यो । त्यसपछि नेपालले ठूलो ऊर्जा संकट बेहोर्‍यो । तराई क्षेत्रमा संविधानकै कारण हिंसात्मक गतिविधि बढे । उता भारतको नाकाबन्दी र तराईको आन्दोलनले नेपालको अर्थतन्त्र ध्वस्त भएको थियो ।

नाकाबन्दीका कारण भारतसँग निर्भर रहेको पेट्रोलियम पदार्थका साथै कतिपय खाद्यान्नहरूको अभाव नेपालीहरूले भोग्नुपर्‍यो । अघोषितरूपमै भारतले नेपालमाथि आफ्नो प्रभुत्व कायम गर्न खोज्यो, त्यसको प्रत्यक्ष मारमा नेपाली जनता परे । नेपालको अर्थतन्त्र मात्र नभई देशका हरेक क्षेत्रलाई नाकाबन्दीले ठूलो असर गर्‍यो । भूकम्पपछि थलिएका नेपालीहरूमाथि थप पीडा थपियो ।

वर्षको सुरुमै गएको भूकम्पका कारण त्यसपछिको लामो समयसम्म अप्रत्यक्ष मार बेहोरिराखे, त्यसको असर अहिलेसम्म पनि सकिइसकेको छैन ।

त्यसपछि फेरि विश्वमा अर्को संकट देखापर्‍यो यो दशकमा कोभिड-१९ को संक्रमण । चीनबाट सुरु भएको कोरोना भाइरसका कारण नेपालमा अहिलेसम्मको अवस्थामा १२ हजारभन्दा बढीले ज्यान गुमाइसकेका छन् । २०७७ सालको अन्तिमदेखि नेपालमा पनि देखिएको कोरोनाका कारण अहिलेसम्म १० लाखभन्दा बढी मानिस संक्रमित भइसकेका छन् । विश्वभर ६८ करोडभन्दा बढी कोरोना संक्रमणबाट संक्रमित भइरहँदा ६८ लाखभन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन् । विश्वभर नै कोरोना महामारी फैलिएका कारण वैदेशिक रोजगारमा निर्भर नेपालको युवापुस्तामध्ये अधिकांशले रोजगारी गुमाउन बाध्य भए । सयौं नेपालीले विदेशमै ज्यान गुमाउन पुगे ।

### खेलकुद

२०७२ सालमा नेपालको प्रमुख खेल फुटबलमा अर्को बज्रापात पर्‍यो । असोज २७ गते तत्कालीन फुटबल कप्तान सागर थापासहित सन्दीप राई, रितेश थापा, विकाससिं क्षेत्री, प्रशिक्षक अञ्जन केसी र फिजियो डेविड थापा पक्राउ परे । पछि विशेष अदालतले २०७५ जेठ २४ गते सफाइ दिएको थियो ।

सार्क क्षेत्रमा ज्यादै बलियो मानिएको नेपाली फुटबलले ७० को दशकमा खासै उल्लेखनीय प्रदर्शन नगरे पनि दशकको अन्तिमतिर भने केही आशा देखाएको छ ।

त्यस्तै ७० को दशकमा नेपाली क्रिकेट शिखरमा पुगेको थियो । पारस खड्काले नेपाली क्रिकेटको लयलाई राम्रोसँग तिखारेका थिए । त्यसपछि उनले एक्कासि कप्तानीका साथ क्रिकेट टिम छाडेपछि ज्ञानेन्द्र मल्ल हुँदै सन्दीप लामिछानेमा कप्तानीको जिम्मेवारी आएको थियो । ज्ञानेन्द्रले क्रिकेट खेलाडीहरूको हक हितका लागि केही आवाज उठाएपछि क्यानसँग विवाद भयो र उनलाई कारबाहीस्वरूप कप्तानीबाट हटाइएको थियो ।

उनलाई हटाएपछि कप्तानको जिम्मेवारी लिएका सन्दीप लामिछानेमाथि दशकको अन्त्यतिर संगीन आरोप लागेपछि उनी पनि निलम्बित भए । त्यसपछि रोहित पौडेलले कप्तानी पाए । रोहितको कप्तानीमा नेपालले ७० को दशकको अन्त्यतिर उत्कृष्ट क्रिकेट खेल्दै विश्वकप लिग छनोटका लागि छनोट हुँदै एकदिवसीय मान्यता कायम राखेको थियो ।

सन्दीप लामिछानेविरुद्ध लागेको आरोप ७० को दशकमा किनारा लाग्न सकेन । अझै पनि अदालतमा विचाराधीन रहेको अवस्थामा उनी नेपाली क्रिकेट टिममा फर्किंदै उच्च लयका साथ प्रदर्शन गरिसकेका छन् । उनले शुक्रबार सम्पन्न खेलमा एक विकेट लिँदै विश्वमै सबैभन्दा छिटो १०० विकेट लिने खेलाडीसमेत बनिसकेका छन् ।

नेपाली खेल जगतमा क्रिकेट र फुटबलबाहेक ७० को दशकमा ब्याडमिन्टनमा प्रिन्स दाहाल चर्चाको शिखरमा रहे । उनी विश्व र्‍याङकिङमै परे । त्यसबाहेक पौडीकी गौरिका सिंह पनि ७० को दशककी चर्चित खेलाडी हुन् ।

### चलचित्र

नेपाली चलचित्र पनि ७० को दशकमा ज्यादै मारमा पर्‍यो । दशकको सुरुआतकै भूकम्पका कारण अधिकांश चलचित्र हलहरू क्षतिग्रस्त भए । ठूला भवनहरूमा मानिसहरू जान डराए । त्यसकारण हलसम्म चलचित्र नै पुगेनन् । कतिपय निर्माताहरूले फिल्म रिलिज गर्ने हिम्मत नै गरेनन् भने छायांकनमै रहेका चलचित्रहरू त्यतिकै रोकिए । केही चलचित्रहरूले अपेक्षाकृत नभए पनि सामान्य व्यापार गरे । अधिकांश चलचित्रहरूले आशातीत बजार पाउन सकेनन् । दशकमा सबैभन्दा सफल छक्का-पञ्जा र कबड्डीका सिक्वेल मान्न सकिन्छ । त्यसबाहेकका चलचित्रहरू सिर्जनाका हिसाबले उत्कृष्ट भए पनि व्यापारिकरूपमा खासै सफल हुन सकेनन् ।

७० को दशकमा नेपाली चलचित्रका लागि एउटा कोशेढुंगा भने अभिनेत्री सुरक्षा पन्तले कोर्न सफल भइन् । उनले कान्स चलचित्र महोत्सवमा सहभागी हुने अवसर पाइन्, जो नेपालबाट कान्सको रेडकार्पेटमा जाने पहिलो सौभाग्यशाली नायिका बनिन् ।

यस दशकमा खासगरी नेपालमा मसलाजन्य चलचित्रभन्दा पनि समाजको सामान्य कथा बोकेका चलचित्रहरू सफल भए । नेपाली चलचित्र बनाउने ट्रेण्ड पनि नयाँ निर्माता तथा निर्देशकहरूले ल्याए, जसले गर्दा परम्परागत चलचित्र बनाउने निर्देशक र निर्माताहरूले सफलता हात पार्न सकेनन् ।

त्यस्तै कोरोना महामारीका कारण पनि नेपाली चलचित्र क्षेत्र ठूलो मारमा पर्‍यो । बढ्दो कोरोना संक्रमण नियन्त्रणका लागि गरिएको लकडाउनका कारण सबैभन्दा पहिला मनोरञ्जनका क्षेत्रहरू बन्द हुने सरकारको घोषणाले सबैभन्दा बढी मार चलचित्र क्षेत्रलाई परेको देखियो । अन्य क्षेत्रहरू पनि कोरोनाको मारमा परे । मनोरञ्जनको क्षेत्रलाई सरकारले बन्द हुनेमा पहिलो र खुल्ने अन्तिम सूचीमा राखेसँगै कोरोनाको प्रत्यक्ष मारमा चलचित्र परेको स्पष्ट छ ।

दशकको अन्त्यतिर कोरोना महामारी केही हदसम्म नियन्त्रणमा आइसकेको अवस्थामा केही नेपाली चलचित्रहरूले दर्शक हलसम्म फर्काउने प्रयास गरेका छन् र सफल पनि भएका छन् । तर, पछि पछिल्ला केही वर्षहरूमा देखिएको आर्थिक समस्याका कारण चलचित्र हेर्न हलसम्म जाने दर्शकको कमी हुँदै गएको देखिएको छ । मानिसले सबैभन्दा पहिलो आधारभूत आवश्यकताका रूपमा गाँस, बास र कपासपछिमात्र मनोञ्जनात्मक क्षेत्रलाई लिने भएकोले पनि चलचित्र क्षेत्र प्राथमिकताको सूचीमा नपरेको देखिएको छ ।

### अर्थतन्त्र

७० को दशकमा नेपालको अर्थतन्त्र ज्यादै बिर्सनलायक देखिएको छ । वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिटयान्सलाई प्रमुख स्रोतका रूपमा लिएको नेपाल सरकारले ७० को दशक सुरुआतमै नाकाबन्दी, भूकम्प जस्ता विनासकारी र बिर्सनलायक घटनाहरूको सामना गर्नुपर्‍यो । त्यसैमाथि अस्थिर सरकारका कारण देशको अर्थतन्त्रलाई प्रत्यक्ष मारमा पर्न गयो । नाकाबन्दीबाट कच्चा पदार्थदेखि लिएर हरेक सामग्रीका लागि छिमेकी मुलुकमा निर्भर रहनुपर्ने बाध्यताले ठूलो पाठ सिकायो । तर, सरकारले त्यसपछि पनि अर्थतन्त्र सुधारका लागि कुनै ठोस कदम चाल्न सकेको देखिँदैन ।

नाकाबन्दीसँगै भूकम्पले मारमा परेका अर्थतन्त्रलाई थप तहसनहस बनाउने काम गर्‍यो कोरोना महामारीले । दशौं लाख कोरोना संक्रमितको उपचारदेखि लिएर जनधनको क्षतिका कारण उद्योग, कलकारखानाहरू बन्द हुन पुगे । विदेशबाट रेमिटयान्स भित्र्याउने नेपाली युवाहरू कामको अभावमा स्वदेश फर्कन बाध्य भए । देशभित्रका विकास निर्माणका आयोजनाहरूको काम रोकियो, जसले गर्दा देशभित्र पनि बेरोजगारीको समस्या बढ्दै गयो । त्यतिमात्र नभएर मानिसहरूसँग रहेको चलपुँजी औषधि, उपचार र खानाकै लागिमात्र प्रयोग हुनुपर्ने बाध्यता आइलाग्यो, जसले गर्दा कुनै पनि उत्पादनमूलक क्षेत्रमा लगानी हुन नसक्नु देशको अर्थतन्त्र थप कमजोर गराउने कारक बन्न पुग्यो ।

मुलुकको अर्थतन्त्रलाई नकारात्मक दिशातर्फ लैजाने काम यस दशकमा रसिया र युक्रेनबीचको द्वन्द्वले पनि गर्‍यो । यी दुईबीचको युद्धका कारण खाद्यान्नको भकारी मानिएको युक्रेनमा खाद्यान्न उत्पादन र निर्यात हुन छाडेपछि विश्वका प्रायः मुलुकहरूमा खाद्यान्न संकट देखापर्‍यो । आयातकै भरमा मुलुकलाई खाद्यान्न दिलाउने मुलुकहरूजस्तै नेपालले पनि खाद्यान्न आयातमा धेरै रकम खर्च गर्नुपर्ने बाध्यता आइलाग्यो । खाद्य सामग्रीहरूको महँगी बढ्यो, त्यसकारण अर्थतन्त्र तहसनहसजस्तै देखिएको छ ।

बैंकिङ तथा वित्तीय संस्थाहरूमा आर्थिक अभाव हुन थाल्यो, जसले गर्दा सरकार सञ्चालनकै बागडोर सम्हालेका व्यक्तित्वहरूबाट पनि नेपालको अर्थतन्त्र संकटमा छ भन्नेजस्ता अभिव्यक्तिहरू आउन थाले । बैंकिङ क्षेत्रले ऋण लगानी कटौती गरेसँगै घरजग्गाका साथै सेयरबजारमा पनि एकाएक गिरावट आयो । जसले गर्दा बजारमा चालु पुँजीको ज्यादै अभाव देखियो ।

समग्रमा ७० को दशकमा नेपालमात्र नभई विश्वले नै हरेक क्षेत्रमा संकट बेहोर्नुपरेको देखिएको छ । केही सीमित व्यवसायीबाहेक अधिकांशले आर्थिकरूपमा संकटग्रस्त अवस्थामा गुज्रनुपर्‍यो । जसले गर्दा एउटा क्षेत्रमात्र नभई सबै क्षेत्रमा संकट देखिएको छ ।

संकटै संकटले भरिएको दशक ७० पार गरी ८० को दशकमा प्रवेश गरिसकेको छ । आवधिक निर्वाचन सम्पन्न भई नयाँ सरकार आइसकेको अवस्था छ । चुनावमा स्थिर सरकारको नारा लिएर जनतामाझ गएका दलहरूको गठबन्धन सरकार छ । यो गठबन्धनले आगामी पाँच वर्ष विकास र समृद्धिलाई लक्ष्यमा राखेर काम गरे ८० को दशकलाई सुखद बनाउन आधार तयार हुने अपेक्षा गर्न सकिन्छ । तर, दलहरूबीचको गठबन्धन टुट्ने र फेरिने टुंगो नहुँदा फेरि सरकार फेरिइरहने प्रवृत्ति नदोहोरिएला भन्न सकिन्न । पछिल्लो चुनावबाट नयाँ दलहरूको उदयले परम्परागत दलहरूलाई सच्चिनका लागि दबाब बढेको अवस्था छ । यसले गर्दा गठबन्धन कायम राख्दै मुलुकको विकास र समृद्धिको लक्ष्यमा सरकार केन्द्रित हुने अपेक्षा गर्न सकिन्छ । आशा गरौं ८० को दशकले यसअघिका पीडाहरूलाई बिर्साउँदै सुखद क्षणहरू ल्याउनेछ ।






१०औं प्रभाव दैनिक ANNIVERSARY



उद्धव सिलवाल

# संकटोन्मुख अर्थव्यवस्थामा बजेटको भरोसा

सरकारले बजेटका कार्यक्रमहरु तयार पारेर स्रोत परिचालन गर्दा निम्न आर्थिक अवस्था र पिछडिएका वर्गलाई बढी महत्व दिनुपर्ने, गरिब र युवा उमेर समूहलाई प्राथमिकतामा राख्नुपर्ने, विभिन्न सीपमूलक तालिमका कार्यक्रमहरु ल्याइनुपर्ने, सार्वजनिक सेवाको प्रभावकारिता बढाउनुपर्ने, कृषि क्षेत्रलाई विस्तार गर्नुपर्ने, रोजगारी सिर्जना गरी पलायन हुने गरेका जनशक्तिलाई रोक्नुपर्ने खाँचो देखिएको छ ।

> विकासका काम निर्धारित समयभित्र सकाउने प्रणालीको विकास विगतदेखि अहिलेसम्म पनि हुन सकेको देखिँदैन । बनाउँदै भत्काउने र भत्काउँदै बनाउने कार्यलाई आमनागरिकले कमिसनरूपी मिठाईको रुपमा लिन थालेको पनि लामो समय भइसकेको छ । तर, पनि यसले निरन्तरता पाइरहेकै छ ।

भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको चैत मसान्तसम्मको वैदेशिक व्यापार स्थितिले सुरुदेखि नै निराशाजनक रहेको वैदेशिक व्यापारमा सुधार आउन नसकेको देखाएको छ । अर्थतन्त्रका अन्य सूचकहरूमा केही सुधार देखिए पनि वैदेशिक व्यापारका क्षेत्रमा कूल व्यापारदेखि आयात तथा निर्यात व्यापार र व्यापार घाटामा सुधार आउन नसकेको विभागले सार्वजनिक गरेको तथ्यांकले देखाएको हो ।

चैतमा नेपालले १३ अर्ब ४८ करोड ३७ लाख रूपैयाँ बराबरको निकासी गरेको छ भने एक खर्ब ४२ अर्ब १२ करोड ३४ लाख रूपैयाँ बराबरको वस्तु आयात गरेको छ । चैतसम्म कूल व्यापार घाटा १० खर्ब ८३ अर्ब २२ करोड ९० लाख रूपैयाँ रहेको छ । गत आवको सोही अवधिको तुलनामा व्यापार घाटामा कमी आए पनि निर्यातको हिस्सा बढ्न नसकेको तथ्यांकले पुष्टि गरेको छ । यो अवधिमा नेपालको भारतसँगको व्यापार घाटा छ खर्ब ७० अर्ब ७६ करोड रूपैयाँ रहेको छ । चीनसँग एक खर्ब ६१ अर्ब ८१ करोड रूपैयाँ व्यापार घाटा रहेको छ ।

यस्तो अवस्थामा अर्थ व्यवस्थाको दिगो विकासका लागि माग र आपूर्तिबीच सन्तुलन कायम गर्नुपर्नेमा त्यसतर्फ राज्य संयन्त्रले ध्यान दिन सकेको छैन । जसको कारण अर्थव्यवस्था असन्तुलनतर्फ जान थालेको छ । शासनको वैधता कायम गर्ने एवं सार्वजनिक निकाय र नागरिकबीच सुसम्बन्ध स्थापित गर्ने कार्यमा राज्य चुकेको छ ।

नेपालको आर्थिक नीति, आवधिक योजना, प्रत्येक वर्षको आर्थिक ऐन र बजेट एवं सरकारद्वारा गठित विभिन्न आर्थिक सुधार कार्यदल, वित्तीय कार्यदल, सार्वजनिक खर्च व्यवस्थापन कार्यदलजस्ता आयोग, समिति कार्यदलका सुझाव र सरकारद्वारा समयसापेक्षरूपमा सार्वजनिक गरिने नीतिले नियन्त्रित गर्नुपर्नेमा वित्तीय उत्तरदायित्व वित्तीय तथा आर्थिक प्रशासनसँग सम्बद्ध अधिकारीले कानुनबमोजिम पूरा गर्नुपर्ने उत्तरदायित्वको पालना गरिरहेका छैनन् । वित्तीय प्रशासन तथा आर्थिक प्रशासनलाई सार्वजनिक प्रशासनको महत्त्वपूर्ण आयाम मान्ने गरिएको छ । असल, सुदृढ र अग्रगामी आर्थिक क्रियाकलाप र भ्रष्टाचारमुक्त, चुस्त एवं छरितो आर्थिक प्रशासनबाट नै मुलुकको विकास गर्न सकिने भए पनि त्यसतर्फ व्यक्त गरिएका सबै कुरा कागजमै मात्र सीमित रहेको छ ।

कृषि पेसामा बढ्दै गएको उदासीनताका कारण ग्रामीण अर्थतन्त्र धराशायी हुँदै गइरहेको छ । युवाशक्ति पलायन हुँदा जग्गा जमिन बाँझो हुने क्रम प्रत्येक दिन बढ्दो क्रममा रहेका छन् । रासायनिक मलको हाहाकार विगतदेखि वर्तमानसम्म आइपुग्दा पनि हट्न सकेको छैन । पर्याप्त सिँचाइ, कृषि, औषधि र मल अभावको कारण किसानलाई आफ्नो उत्पादनको लागत उठाउन पनि मुस्किल परिरहेको छ । यस्तो अवस्थामा सत्ताको अभयदान पाएका बिचौलियाको रजगज हावी हुन पुग्दा किसान र उपभोक्ता उचित मूल्य पाउनबाट वञ्चित छन् । यसको असर हरेक घर-परिवारमा परिरहेको छ ।

राज्यले आर्थिक गतिविधि चलायमान भएको भने पनि व्यवहारमा लागू हुन सकेको छैन । उद्योग व्यवसायको सुस्तपन घट्नुपर्नेमा थप बढिरहेको छ । सोही कारण उद्योगको उत्पादन बढ्न नसकेको हो । अर्थतन्त्र खस्कँदा ऋणको किस्ता तिर्न नसक्ने र आर्थिक गतिविधि थप जटिल भएर समस्यामा पर्नेको संख्या पछिल्लो समय बढ्न थालेको छ । निजी क्षेत्रको कारोबारमा आएको कमीले बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको किस्ता तिर्न धौ-धौको अवस्था देखिन थालेको छ । ऋणीले ऋण तिर्न नसक्ने अवस्था सिर्जना भएमा आर्थिक सन्तुलन बिग्रन गई व्यापार व्यवसाय ठप्प हुनसक्छ । यदि, यस्तो अवस्था आयो भने समग्र वित्तीय प्रणाली प्रभावित हुने हुँदा यसतर्फ पनि राज्यले सोच्नुपर्ने समय आएको छ ।

संविधानले राजनीतिक, वित्तीय र प्रशासनिक शक्ति र जिम्मेवारीलाई सहकारीतामा आधारित संघीय प्रणालीअनुरूप संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट गरेको छ । सहकारी संघीयताको छाताभित्र संविधानतः नेपाल सरकार, सात वटा प्रदेश सरकार र ७५३ स्थानीय सरकार गरी ७६१ निर्वाचित सरकारहरू राजनीतिक, प्रशासनिक तथा वित्तीयरूपमा क्रियाशील छन् । जसले देशको खर्च बढेर धेरै माथि पुगेको छ । संविधानको धारा ४ ले नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक,समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गरेको छ । संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना, संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने, राज्यशक्तिको प्रयोग पनि ती तीनै तहमा हुने एवं राज्यशक्तिको प्रयोग संघ, प्रदेश तथा स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्नेछ भन्ने व्यवस्था गरेको छ ।

तर, विद्यमान कानुनी व्यवस्थाको उल्लंघन गर्दै खर्च गर्ने र आम्दानी नलिने सरकारी प्रवृत्तिमा अझै पनि सुधार आउन सकेको छैन । कानुनको परिपालना गर्ने परिपाटी कम हुँदै गइरहेको छ । संघीयता कार्यान्वयनपछिका वर्षहरूमा बेरुजु रकम बढ्दो क्रममा रहेको छ । विकासका काम निर्धारित समयभित्र सकाउने प्रणालीको विकास विगतदेखि अहिलेसम्म पनि हुन सकेको देखिँदैन । बनाउँदै भत्काउने र भत्काउँदै बनाउने कार्यलाई आमनागरिकले कमिसनरूपी मिठाईको रूपमा लिन थालेको पनि लामो समय भइसकेको छ । तर, पनि यसले निरन्तरता पाइरहेकै छ । यसमा कुनै पनि परिवर्तन आउन सकेको छैन । सार्वजनिक सम्पत्ति र स्रोतको दुरूपयोग गरी व्यक्तिगत फाइदा लिने परिपाटीमा मुलुक अघि बढ्दा विकासको कार्य 'हात्तीको देखाउने दाँत' जस्तो मात्रै भएको छ । वर्षको ९-१० महिनासम्म कानमा तेल हालेर बस्ने अनि अन्तिम महिनामा आएर सबै काम गर्छु भन्ने विगतदेखिको परिपाटीले निरन्तरता पाइरहेको छ । समग्र औद्योगिक उत्पादन तथा व्यावसायिक क्षेत्रमा आएको ह्रास, वित्तीय क्षेत्रमा तरलता संकुचन, उच्च ब्याजदर, बढ्दो व्यापार घाटा, न्यून पुँजीगत खर्च, घट्दो राजस्व संकलन, विदेशी मुद्रा सञ्चितिमा परेको दबाब तथा पुँजीबजारमा आएको गिरावटलगायतका समस्यालाई औद्योगिक, वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण ढंगले कार्यान्वयन गरी अर्थतन्त्रलाई गतिशील बनाउन अब आउने बजेटमा नीतिगत व्यवस्था गर्नुपर्छ ।

सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रमले वित्तीय, मौद्रिक, पुँजीबजार, सहकारी, बिमा र निजी कम्पनीका निकायहरूबीच आवश्यक समन्वय गरी निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न आवश्यकताअनुसार नीतिगत, संस्थागत तथा प्रक्रियागत सुधार गर्ने उल्लेख गरिए पनि व्यवहारमा लागू हुने संकेतसम्म पनि देखिएको छैन ।

सिंगापुरमा भएको तीव्र आर्थिक वृद्धि त्यहाँको उच्च लगानी, बचत दर, उत्कृष्ट शिक्षा प्रणाली र विवेकपूर्ण नीतिका कारण सम्भव भएको हो । तर, हामी कहाँ लोकतन्त्रमा पनि अधिनायकवादी राज्यमा जस्तो आसेपासे पुँजीवाद मौलाएजस्तो प्रवृत्ति र रवैया हावी भएको कारण चर्को मूल्यवृद्धि, बढ्दो बेरोजगारी र प्रशासनिक क्षेत्रमा फजुल खर्च बढिरहेको छ । राज्यले घोषणा गरेको आर्थिक वृद्धिदरको लक्ष्य भेट्टाउन सार्वजनिक क्षेत्रको रोजगारी सिर्जनाले मात्र सम्भव नहुने हुँदा अहिलेको अवस्थामा निजी क्षेत्रको उत्साहजनक सहभागितालाई आकर्षित गरी देशमा कानुनी राज्यको अवधारण विकास गर्नुपर्ने अवस्था सिर्जना भएको छ । आर्थिक वृद्धिलाई अर्थतन्त्रको वास्तविक राष्ट्रिय आयमा दिगो वार्षिक वृद्धिका रूपमा परिभाषित गर्ने गरिन्छ । आर्थिक वृद्धि भनेको स्थिर मूल्यमा राष्ट्रिय उत्पादनको बढ्दो प्रवृत्ति हो ।

प्रतिव्यक्ति आयको हिसाबले आर्थिक वृद्धि भनेको देशको वास्तविक प्रतिव्यक्ति आयमा हुने वार्षिक वृद्धि हो । आर्थिक वृद्धिको मुख्य उद्देश्य भनेकै जनताको जीवनस्तर उकास्नुलाई लिने गरिन्छ । तर, हामीकहाँ त आमनागरिकको जीवनस्तर प्रत्येक वर्ष तल खस्किरहेको छ । यसले हुनेखाने वर्गको स्तर सधैँ माथि र गरिखाने वर्ग सधैँ तल रहने गरेको देखाएको छ ।

आर्थिक वृद्धिदर न्यून हुनुले अर्थतन्त्रको उत्पादक क्षमताको विस्तार नभएको र आर्थिक क्रियाकलाप पर्याप्त चलायमान नभएको देखाएको छ । पछिल्ला महिनामा वित्तीय क्षेत्रको संकटले अर्थतन्त्रको माग र आपूर्ति प्रभावित हुन पुग्दा त्यसको असर आर्थिक वृद्धिमा पनि परेको थियो । नेपालको आर्थिक वृद्धिदरमा संकुचन रहेको तथा आन्तरिक र बाह्य क्षेत्रसमेतको व्यवस्थापनका लागि चालिएका नीतिगत कदमको प्रभाव अर्थतन्त्रमा देखिएको अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले समेत बताइसकेको छ । यस्तो अवस्थमा आर्थिक स्वतन्त्रता, आर्थिक वृद्धि, खुला व्यापार, प्रतिस्पर्धी बजारजस्ता पक्षहरूले आर्थिक वृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा नेपालको संविधानले निजी क्षेत्रलाई प्रोत्साहित गर्ने र आर्थिक समृद्धि हासिल गर्ने, अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउने नीति लिएको हो । यस्तो नीति अझसम्म पनि व्यवहारमा लागू हुन सकेको छैन । गरिबी र असमानताका कारण देशको आर्थिक विकासमा अवरोध पुगेको छ । अस्थिर राजनीतिका कारण भूमिगत अर्थतन्त्र हावी हुन पुग्दा आर्थिक कार्यसम्पादनको मूल्यांकन र नीति विश्लेषण गर्दा आधिकारिक बृहत् आर्थिक तथ्यांकको विश्वसनीयता पनि कमजोर हुँदै गइरहेको छ ।

आर्थिक प्रणालीलाई सन्तुलितरूपमा अघि बढाउन र विकास बजेट निर्धारित समयमै सकाउनका लागि हरेक वर्षको जेठ १५ मा बजेट प्रस्तुत गर्ने प्रत्याभूति नेपालको संविधनमै व्यवस्था गरिएको छ । तर, पनि भौचर मिलाएर राजस्व हिनामिना गर्ने 'असारे विकास' कम हुन सकेको छैन । असारे विकास निरुत्साहन नभई प्रोत्साहन भएको जस्तो व्यवहारमा देखिन आएको छ । सरकारले बजेटका कार्यक्रमहरू तयार पारेर स्रोत परिचालन गर्दा निम्न आर्थिक अवस्था र पिछडिएका वर्गलाई बढी महत्त्व दिनुपर्ने, गरिब र युवा उमेर समूहलाई प्राथमिकतामा राख्नुपर्ने, विभिन्न सीपमूलक तालिमका कार्यक्रमहरू ल्याइनुपर्ने, सार्वजनिक सेवाको प्रभावकारिता बढाउनुपर्ने विषयलाई अहिले सबैले चासोका रूपमा हेरिरहेका छन् । अहिले सरकार बजेट निर्माणको चटारोमा रहेको छ । त्यसैले सरकारले बजेट निर्माण गर्दा संकटोन्मुख अवस्थातर्फ जान थालेको अर्थतन्त्रलाई सुधार गर्ने हो भने बजेटबाहेक अर्को विकल्प देखिँदैन ।

हार्दिक शुभकामना
10TH YEARS ANNIVERSARY
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको नवौं वर्ष सफलतापूर्वक पार गरी दशौं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा प्रकाशन निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
B.D group manpowor Pvt.Ltd.
सामाखुशी-१४ टोखा, काठमाडौं नेपाल
फोन नं. ०१-४९५९२२०,फ्याक्स नं. ०१-४३५९२२०
इमेल :- bdgroupmanpower1@gmail.com, वेबसाइट :- bdgroupnepal.com

हार्दिक शुभकामना
10TH YEARS ANNIVERSARY
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको नवौं वर्ष सफलतापूर्वक पार गरी दशौं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा प्रकाशन निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
Nabil Overseas Pvt.Ltd.
Old Baneshwor Ktm, Nepal,
Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023

हार्दिक शुभकामना
10TH YEARS ANNIVERSARY
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको नवौं वर्ष सफलतापूर्वक पार गरी दशौं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा प्रकाशन निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
The Center Overseas Pvt.Ltd.
Basundhara, Ktm, Nepal,
Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

हार्दिक शुभकामना
10 Anniversary
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको नवौं वर्ष सफलतापूर्वक पार गरी दशौं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा प्रकाशन निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
R.A. International Employment Agency
Tel : +977 1-4388035
Dhapasi Marg, Panipokhari, Kathmandu, 44600, NP

हार्दिक बधाई तथा शुभकामना
१०औं वार्षिकोत्सव
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको नवौं वर्ष सफलतापूर्वक पार गरी दशौं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा प्रकाशन निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
Fewa HR Solutions Pvt. Ltd.
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu,
Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com,
website: www.fewahrsolutions.com

## दशक ७० मा बैंक वित्त:

# मर्जरदेखि उच्च ब्याजदर वृद्धिसम्म



विष्णु बेल्वासे

> पछिल्लो समय धेरै होइन, ठूला बैंकको आवश्यकता महसुस हुन थालेको छ । स्वदेशमा मात्रै होइन, विदेशी बैंक पनि बलियो हुनु जरुरी देखिएको छ । दशक ७० को अन्त्यमा अमेरिकाका दुई बैंक डुबेकाले त्यसको शिक्षा नेपालका बैंकहरुले लिन जरुरी देखिएको छ ।

७० को दशक हामीबाट बिदा भएको छ । यस दशकमा बैंक तथा वित्तीय संस्थाहरू मर्जर तथा एक्विजिसन (प्राप्ति)मा केन्द्रित हुन पुगे । १० वर्षमा १८३ बैंक तथा वित्तीय संस्था घट्न पुगे ।

एक दशकअघिसम्म ३२ वटा वाणिज्य बैंक, ९२ वटा विकास बैंक, ७८ वटा फाइनान्स कम्पनी र १०१ वटा लघुवित्त वित्तीय संस्था थिए । ठूलो संख्यामा रहेका बैंक तथा वित्तीय संस्थाहरू आपसमा गभिँदै गए । हाल यो संख्या घटेर २२ वटा वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनी १७/१७ वटा र लघुवित्त वित्तीय संस्था ६४ वटामा आएका छन् ।

एकातिर बैंक तथा वित्तीय संस्था यो दशकमा घट्न पुगे भने अर्कोतिर यही दशकमा बैंक तथा वित्तीय संस्थाले कोरोनाको मार बेहोर्नुपऱ्यो । कोरोनाको समयमा बैंकहरूमा अत्यधिक लगानीयोग्य रकम (तरलता) छ्यालब्यालती हुँदा सर्वसाधारणले बैंकमा राखेको पैसाको ब्याज नगन्य मात्रमा पाए । बैंकले प्रवाह गर्ने ऋणको ब्याजदर पनि घट्न पुग्यो र एकल अंकमा झऱ्यो ।

तर, यो दशकको अन्त्यमा अर्थात् करिब एक वर्षदेखि बैंकमा लगानीयोग्य रकमको अभाव हुन पुग्दा बैंकको ब्याजदर चुलिन पुग्यो । सात-आठ प्रतिशतमा पाइने ऋणको ब्याजदर दोब्बर १७-१८ प्रतिशतसम्म पुग्यो । ब्याजदर बढेका कारण आर्थिक गतिविधि शिथिल हुन पुग्यो ।

यसैगरी, यो दशकमा नै नेपालका बैंक तथा वित्तीय संस्थाले निकै उत्तारचढाव बेहोर्नुपऱ्यो । बैंकको उच्च ब्याजदरका कारण बैंकर र व्यवसायीबीच वाकयुद्ध नै चल्यो । बैंकका कर्मचारीमाथि हमलासमेत हुन पुग्यो ।

यो दशकमा नेपालका मात्रै होइन, विदेशी बैंकहरू पनि धर्मराउन पुगे । खासगरी, अमेरिकाका दुई बैंक र स्वीजरल्याण्डको एक बैंकका कारण सम्पूर्ण विश्व नै त्रसित हुन पुग्यो । नेपालका बैंक पनि डुब्ने हुन् कि भन्ने त्रासमा बस्नुपऱ्यो । केन्द्रीय बैंकले यही दशकमा विदेशी मुद्राको सञ्चिति बढाउन पुग्यो ।

नेपालका बैंक तथा वित्तीय संस्थाहरूलाई बलियो बनाउँदै लैजाने नीति राष्ट्र बैंकले लियो । जसका कारण ठूलो संख्यामा बैंक तथा वित्तीय संस्थाले मर्जर तथा एक्विजिसनका लागि जोडी खोज्ने काम गरे ।

मर्जर तथा एक्विजिसनका कारण करिब एक दशकमा १८३ वटा बैंक तथा वित्तीय संस्था घट्न पुगे । कूल ३०३ संख्या रहेकामा गत महिनासम्म घटेर १२० कायम भएका छन् ।

### ३२ वाणिज्य बैंक मर्जरपछि २२ वटामा झरे

कुनै समय ३२ वटासम्म पुगेका वाणिज्य बैंकहरू अहिले २२ वटामा झरेका छन् । लक्ष्मी र सनराइज बैंकले पनि मर्जरका लागि समझदारीपत्रमा हस्ताक्षर गरिसकेका छन् । यी दुवै बैंकको मर्जर पूरा भएपछि वाणिज्य बैंकको संख्या २० मा झर्नेछ ।

वि.सं. २०७० मा नेपाल इण्डस्ट्रियल एण्ड कमर्सियल बैंक र बैंक अफ एसियाबीच मर्जर भएर एनआइसी एसिया बैंक बनेको थियो । यो वाणिज्य बैंकहरूबीचमा भएको पहिलो मर्जर थियो । त्यसपछि नै वाणिज्य बैंकहरू एकआपसमा गाभ्ने तथा गाभिने प्रक्रिया सुरु भएको थियो । पछिल्लो समय भने एनआइसी एसिया बैंकले अन्य वाणिज्य बैंकसँग मर्जर सम्झौता गरेको छैन ।

ग्लोबल आइएमई बैंकमा कमर्स एण्ड ट्रस्ट बैंक, जनता बैंक र बैंक अफ काठमाण्डू गाभिएका छन् । ग्लोबल आइएमई बैंकमा सबैभन्दा धेरै वाणिज्य बैंकहरू गाभिन पुगेका हुन् । यस्तै, प्रभु बैंकले पनि किस्ट बैंक, ग्राण्ड बैंक र पछिल्लोपटक सेञ्चुरी बैंकलाई गाभेको छ । नबिल बैंकले पनि नेपाल बंगलादेश बैंकलाई आफूमा गाभेको छ ।

हिमालयन बैंकले सिभिल बैंकलाई गाभेर हिमालयन बैंकको रूपमा र कुमारी बैंकले नेपाल क्रेडिट एण्ड कमर्स बैंकलाई गाभेर एकीकृत कारोबार गर्दै आएको छ । नेपाल इन्भेस्टमेन्ट बैंक र मेगा बैंक मर्जर भएर नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको रूपमा एकीकृत कारोबार गर्दै आएका छन् ।

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूको चुक्ता पुँजी दुई अर्ब रूपैयाँबाट बढाएर आठ अर्ब रूपैयाँ पुऱ्याएपछि बैंकहरूलाई मर्जरमा जान दबाब परेको थियो । तर, राष्ट्र बैंकको योजनाअनुसार मर्जरमा नगई अधिकांश बैंकले हकप्रद सेयर र विकास बैंक र फाइनान्स कम्पनीहरूलाई गाभेर चुक्ता पुँजी पुऱ्याएका थिए ।

चिरञ्जीवि नेपाल राष्ट्र बैंकको गभर्नर हुँदा बैंकहरूलाई आपसमा मर्ज गराउनका लागि पुँजी वृद्धिको योजना ल्याएका थिए । सोपश्चात केन्द्रीय बैंकले बैंकहरूलाई आपसमा गाभिन आग्रह गर्दै आएको थियो ।

आर्थिक वर्ष ०७८/७९ को मौद्रिक नीतिमार्फत मर्जर तथा एक्विजिसनमा जाने वाणिज्य बैंकहरूका लागि राष्ट्र बैंकले विभिन्न सुविधा थपेको थियो । चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत ०७९ पुस मसान्तभित्र एकीकृत कारोबार गर्ने वाणिज्य बैंकलाई यसअघिका सुविधा प्रदान गर्ने राष्ट्र बैंकको घोषणा थियो । सोही नीतिका कारण गएको पुस मसान्तभित्र एकीकृत कारोबार गर्न बैंकहरू हतारोमा थिए ।

राष्ट्र बैंकले मर्जरमा जाने बैंक तथा वित्तीय संस्थालाई विभिन्न सुविधा दिएर मर्जरमा प्रोत्सान गर्न थाल्यो । मर्जरमा जाने बैंकहरूलाई सहुलियतको व्यवस्था गर्दा पनि बैंकहरूले फाइनान्स र विकास बैंक गाभेर यस्तो सुविधा लिन थालेपछि गत आर्थिक वर्षको मौद्रिक नीतिमार्फत वाणिज्य बैंकले विकास बैंक र फाइनान्स कम्पनीलाई गाभ्दा यस्तो सहुलियत नपाउने व्यवस्था गरेको छ । त्यसले गर्दा पछिल्लो समय भने वाणिज्य बैंकहरूले विकास बैंक र फाइनान्स कम्पनीलाई गाभ्ने सम्झौता गरेका छैनन् ।

### नम्बर १ बन्ने प्रतिस्पर्धाले पनि बढायो मर्जर

ठूला बैंकहरूले आफू नम्बर १ बन्नका लागि पनि साना बैंकलाई गाभ्न थालेका छन् । मर्जरबाटै अरु बैंक आफूभन्दा अगाडि जान थालेपछि धेरै बैंकहरू मर्जरमा जान तात्तिएका थिए ।

पछिल्लो समय ग्लोबल आइएमई बैंक पुँजीको हिसाबले सबैभन्दा ठूलो बैंक बनेको छ । सो बैंकको चुक्ता पुँजी ३४ अर्बभन्दा बढी छ । बैंकिङ क्षेत्रमा नम्बर १ बैंकको ताज ग्लोबल आइएमई बैंकले लिन थालेपछि अन्य ठूला बैंकहरूले पनि मर्जरमा बढी चासो दिन थालेका हुन् । ग्लोबल आइएमई बैंकलाई पछ्याउँदै अन्य बैंक पनि चुक्ता पुँजी बढाउने योजनामा लागेका छन् । नाफाका हिसाबले भने नबिल बैंक नम्बर वान बैंकको रूपमा रहेको छ । चालु अर्थिक वर्षको चैतसम्ममा नबिल बैंकले पाँच अर्ब ११ करोड ६१ लाख रूपैयाँ खुद नाफा कमाएको छ । दोस्रोमा ग्लोबल आइएमई र तेस्रोमा एनआइसी एसिया रहेका छन् । पछिल्लो समय बैंकहरू मर्जरमा गएर बलियो बैंक बन्ने ध्याउन्नमा लागेका छन् । यसले सानोतिनो लगानी गर्न पनि धेरै बैंक धाउनुपर्ने बाध्यताको अन्त्य भएको छ ।

### एक दर्जन भए पुग्ने

नेपाल राष्ट्र बैंकले केही समयअघि गरेको एक अध्ययनले नेपालमा ११ देखि १५ भन्दा बढी वाणिज्य बैंक आवश्यक नभएको देखाएको थियो ।

राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका सिइओ, सञ्चालक तथा विज्ञ गरेर २३० जनामा एक सर्भे गरेको थियो जसमा ५० प्रतिशतभन्दा धेरैले नेपालमा ११ देखि १५ वटा वाणिज्य बैंक भए पुग्ने राय दिएका थिए । उनीहरूले अहिलेको अवस्थामा नेपालमा ११ देखि १५ वटाभन्दा धेरै वाणिज्य बैंक नचाहिने बताएका थिए ।

पछिल्लो समय धेरै होइन, ठूला बैंकको आवश्यकता महसुस हुन थालेको छ । स्वदेशमा मात्रै होइन, विदेशी बैंक पनि बलियो हुनु जरुरी देखिएको छ ।

यही दशकको अन्त्यमा

(बाँकी ड पृष्ठमा)













# व्यवस्थित सरसफाइ र मर्मतसम्भार:

# स्वस्थ पूर्वाधारको आधार



जनक अधिकारी
(सिभिल इञ्जिनियर)

